# लोहोरुङ भाषा र नेपाली भाषाको व्याकरणात्मक कोटिको तुलना

भविकला राई
परीक्षा क्रमाङ्क : २८०५६६/०७३
त्रि. वि. दर्ता नं. : ९-३-२८-६१-२०१३

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग
अन्तर्गत स्नातकोत्तर तह चौथो सत्रको ने. पा. शि. ५४३ पाठ्यांशको
प्रयोजनका लागि प्रस्तुत

## शोधपत्र

नेपाली भाषा शिक्षा विभाग
शिक्षाशास्त्र सङ्काय
त्रि. वि., कीर्तिपुर

२०७४/२०१७

लोहोरुङ भाषा र नेपाली भाषाको व्याकरणात्मक कोटिको तुलना
१२०/०७२
भविकला राई
२०७४

## प्रतिबद्धता पत्र

यस शोध प्रतिवेदनभित्रका सामग्रीहरू कहीँकतैबाट साभार गरिएको छैन । यसका कुनै पनि अंश अन्य प्रयोजनका लागि उपयोग र प्रकाशनमा आएका पनि छैनन् । तसर्थ यो शोध प्रतिवेदन नितान्त मौलिक भएको प्रतिबद्धता गर्दछु ।

मिति: २०७३/०३/०२

.................

भविकला राई

(शोधार्थी)

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा अन्तर्गत स्नातकोत्तर तहको नेपा. शि. ५३४ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत **व्याकरणात्मक कोटिका आधारमा नेपाली भाषा र लोहोरुङ भाषा** शीर्षकको शोधपत्र शोधार्थी श्री भविकलाले मेरो निर्देशनमा तयार पार्नु भएको हो । अत्यन्तै मिहिनेत पूर्वक तयार पारिएको प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति: २०७४/०३/०४ ..............................

Date: June 18, 2017

उपप्रा. डा. बुद्धराज खनिया

(शोध निर्देशक)

**त्रिभुवन विश्वविद्यालय**

**शिक्षाशास्त्र सङ्काय**

**नेपाली भाषा शिक्षा विभाग**

कीर्तिपुर, काठमाडौँ

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपा. शि. ५३४ पाठ्यांशको प्रयोजनार्थ तयार पारिएको प्रस्तुत **व्याकरणात्मक कोटिको आधारमा नेपाली भाषा र लोहोरुङ भाषा** शीर्षकको शोधकार्य नेपाली भाषा शिक्षा विभाग, स्नातकोत्तर तहका लागि उपयुक्त भएकाले स्वीकृति प्रदान गरिएको छ ।

**मूल्याङ्कन समिति**

| **क.सं.** | **नाम** | **हस्ताक्षर** |
|---|---|---|
| १. | प्रा. डा. रामप्रसाद भट्टराई (विभागीय प्रमुख) | ............................ |
| २. | डा. अम्बिकादेवी घिमिरे (शोध विशेषज्ञ) | ............................ |
| ३. | उपप्रा. बुद्धराज खनिया (शोध निर्देशक) | ............................ |

मिति: २०७४/०३/१९

Date: July o3, 2017

# कृतज्ञता ज्ञापन

मेरा आदरणीय गुरुहरूको अमूल्य निर्देशन, परिवारजन तथा आफन्तहरूको उत्साह र प्रेरणाका साथै सहृदयी मित्रका मित्रतापूर्ण सहयोगबाट अध्ययन सम्पन्न गरी यस शोधपत्र तयार भएको छ ।

आफ्ना व्यक्तिगत कार्य, समस्या र व्यस्तताका बाबजुद शोधपत्रको शीर्षक चयन, शोधप्रस्ताव लेखन र शोधपत्रको अन्तिम स्वरूप दिने समयसम्म आवश्यक प्रेरणा, उचित सुझाव र सहयोग गर्दै कुशल निर्देशन प्रदान गर्नुहुने शोध निर्देशक आदरणीय गुरु श्री डा. बुद्धराज खनियाप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यस शोधपत्रको पूर्णता र सफलताको प्रथम श्रेय आदरणीय गुरुलाई दिँदै उहाँप्रति आभार व्यक्त गर्न चाहन्छु ।

त्यसैगरी यस शोधकार्यका क्रममा आवश्यक सामग्री उपलब्ध गराइदिएर अतुलनीय गुन लगाउनु हुने उरास राईप्रति आभारी छु । तथ्याङ्क सङ्कलन गर्नका लागि खाँदबारी नगरपालिका वडा नं. १, ३ र ४ का अग्रजका साथै सम्पूर्ण लोहोरुङबन्धुहरू धन्यवादको पात्र बन्नुभएको छ । त्यसै गरी अध्ययनका लागि आवश्यक दस्तावेज उपलब्ध गराउनुहुने किरात राई यायोक्खा कोटेश्वर र केन्द्रीय पुस्तकालय कीर्तिपुरका कर्मचारीहरूलाई पनि धन्यवाद दिन चाहन्छु ।

यस शोधकार्य साथै मेरो उच्च शिक्षाका लागि सँधै तत्परताका साथलाग्नु हुने, मलाई शिक्षाप्रति उन्मुख र प्रोत्साहित गर्नुहुने मेरा आदरणीय बुवाआमा मणिधन राई र मीरा राईप्रति नतमस्तक छु । मेरो उच्च शिक्षालाई आफ्नो जिम्मेवारी ठानी सहयोग गर्ने भाइ भविन राईप्रति कृतज्ञ छु र बहिनी शशिकला राईप्रति आभारी छु । साथै आवश्यक सुझाव, सल्लाह र सहयोग गर्ने साथीहरू मनिला राई र लक्ष्मी ढुङ्गेलको अमूल्य साथका लागि सदा ऋणि रहने छु ।

अन्तमा पुनः यस शोधपत्र तयार गर्ने क्रममा मलाई सहयोग गर्नुहुने महानुभावहरू जसको अमूल्य सुझाव, सल्लाह र प्रेरणा बिना यो अध्ययन असम्भव थियो, सम्पूर्णप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

भविकला राई

## शोधसार

प्रस्तुत अध्ययनको शीर्षक **लोहोरुङ भाषा र नेपाली भाषाको व्याकरणात्मक कोटिको तुलना** रहेको छ । मानक नेपाली भाषा र अरुण उपत्यकाका लोहोरुङ राईहरूको मातृभाषा लोहोरुङ भाषाका बिचमा रहेका विभिन्न समानता तथा विभिन्नताहरूलाई विषयवस्तुका रूपमा ग्रहण गरी अध्ययन अगाडि बढाइएको छ । लोहोरुङ भाषा र नेपाली भाषा विषमपारिवारिक भाषा हुन् । त्यसैले यिनीहरू बिचको पृथकता स्वभाविक छ । यस अध्ययन लोहोरुङ भाषाको व्याकरणात्मक कोटिको व्यवस्था पहिचान गर्ने र नेपालीभाषा र लोहोरुङ भाषाका व्याकरणात्मक कोटिको तुलनागर्ने उद्देश्यमा केन्द्रित रहेको छ ।

अध्ययन कार्य अगाडि बढाउने क्रममा क्षेत्रीय अध्ययनविधि र पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । क्षेत्रीय अध्ययनका लागि लोहोरुङ राईहरूको अधिक बसोबास रहेको सङ्खुवासभा जिल्लाका लोहोरुङ मातृभाषी वक्ताहरूलाई जनसङ्ख्याका रूपमा लिइएको छ । जनसंख्याबाट खाँदबारी नगरपालिका वडा नं. १, ३ र ४ का लोहोरुङ मातृभाषी वक्ताहरूलाई नमुनाका रूपमा छनोट गरिएको छ । छनोट गरिएका ३० जनालाई व्याकरणात्मक व्यवस्था पहिचान हुने नेपाली भाषाका व्याक्यहरूलाई लोहोरुङ भाषामा रूपान्तरण गर्ने प्रश्नावली वितरण गरी तथ्याङ्क सङकलन गरिएको छ ।

यसरी प्राप्त तथ्याङ्कहरूको अध्ययन गर्दा निष्कर्षमा व्याकरणात्मक कोटिहरूका आधारमा लोहोरुङ भाषामा नेपाली भाषामा भन्दा भिन्न व्यवस्था भएको पाइएको छ । नेपाली भाषामा लिङ्ग, वचन र आदरका आधारमा क्रियाको रूपायन हुने प्रक्रिया लोहोरुङ भाषामा पाइँदैन । नेपाली भाषामा एक वचन र बहुवचन मात्र पाइन्छ भने लोहोरुङ भाषामा लोहोरुङ भाषामा एकवचन, द्विवचन र बहुवचन सम्म पाइन्छ । नेपालीमा पाइने वाच्यान्तरण प्रक्रिया लोहोरुङ भाषामा पाइँदैन । पुरुष, काल, पक्ष, भावका आधारमा भने आशिंक समानता पाइन्छ ।

## विषयसूची

### अध्याय एक


**शोध परिचय** **१-७**

१.१ पृष्ठभूमि १

१.२ समस्याकथन ३

१.३ उद्देश्य ४

१.४ सान्दर्भिकता ४

१.५ सीमाङ्कन ५

१.६ रूपरेखा ६


### अध्याय दुई


**पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा** **८-१९**

२.१. पूर्वकार्यको पुनरावलोकन ८

  २.१.१. पुस्तक सम्बन्धी पुनरावलोकन ८

  २.१.२. शोधपत्र सम्बन्धी पुनरावलोकन ९

२.२ सैद्धान्तिक अवधारणा १६

२.२.१ तुलनात्मक अध्ययन १६

२.२.२ व्याकरणात्मक कोटि १७


### अध्याय तिन


**अध्ययन विधि र प्रक्रिया** **२०-२१**

३.१.अध्ययनको ढाँचा २०

३.२. जनसङ्ख्या २०

३.३ नमुना छनोट २०

३.४ तथ्य सङ्कलन प्रक्रिया २१

३.५ व्याख्या विश्लेषण २१


### अध्याय चार


**लोहोरुङ भाषाको व्याकरणात्मक व्यवस्था** **२२-३६**

४.१ लोहोरुङ भाषाको लिङ्ग व्यवस्था २२

४.१.१ लोहोरुङ भाषाको लिङ्गका आधारमा नाम २२
४.१.२ लोहोरुङ भाषाको लिङ्गका आधारमा विशेषण २३
४.२ लोहोरुङ भाषाको वचन व्यवस्था २४
४.२.१ लोहोरुङ भाषाको नाममा वचन २४
४.२.२ लोहोरुङ भाषाको सर्वनाममा वचन २५
४.२.३ लोहोरुङ भाषाको विशेषणमा वचन २७
४.२.४ लोहोरुङ भाषाका कियामा वचन २८
४.३. लोहोरुङ भाषाका पुरुष व्यवस्था २९
४.३.१ लोहोरुङ भाषाकाप्रथम पुरुष २९
४.३.२ लोहोरुङ भाषाका द्वितीय पुरुष ३०
४.३.३ लोहोरुङ भाषाका तृतीय पुरुष ३०
४.४ लोहोरुङ भाषाका आदर व्यवस्था ३१
४.५ लोहोरुङ भाषाका काल व्यवस्था ३२
४.६लोहोरुङ भाषाका पक्ष व्यवस्था ३२
४.६.१ लोहोरुङ भाषाका अपूर्ण पक्ष ३२
४.६.२ लोहोरुङ भाषाका पूर्ण पक्ष ३३
४.६.३ लोहोरुङ भाषाका अभ्यस्त पक्ष ३३
४.६.४ लोहोरुङ भाषाकाअ ज्ञात पक्ष ३४
४.७ लोहोरुङ भाषाका भाव व्यवस्था ३४
४.७.१ लोहोरुङ भाषाका सामान्यार्थ ३४
४.७.२ लोहोरुङ भाषाका आज्ञार्थ ३४
४.७.३ लोहोरुङ भाषाका इच्छार्थ ३५
४.७.४ लोहोरुङ भाषाका प्रश्नार्थ ३५
४.७.५ लोहोरुङ भाषाका सङ्केतार्थ ३५
४.७.६ लोहोरुङ भाषाका सम्भावनार्थ ३५
४.८ लोहोरुङ भाषाका वाच्य ३६

## अध्याय पाँच

## लोहोरुङ र नेपाली भाषाको व्याकरणात्मक कोटिको तुलना ३७-५७


५.१ लिङ्गका आधारमा लोहोरुङ र नेपाली भाषाको तुलना ३७

५.१.१ लिङ्गका आधारमा नामको तुलना ३७

५.१.२ लिङ्गका आधारमा विशेषणको तुलना ३८

५.१.३ लिङ्गका आधारमा क्रियाको तुलना ३८

५.२.वचनको आधारमा लोहोरुङ र नेपाली भाषाको तुलना ३९

५.२.१ वचनका आधारमा नामको तुलना ४०

५.२.२ वचनका आधारमा सर्वनामको तुलना ४०

५.२.३ वचनका आधारमा विशेषणको तुलना ४३

५.२.४ वचनका आधारमा क्रियाको तुलना ४३

५.३. पुरुषका आधारमा लोहोरुङ र नेपाली भाषाको तुलना ४५

५.३.१ प्रथम पुरुष ४५

५.३.२ द्वितीय पुरुष ४५

५.३.३ तृतीय पुरुष ४६

५.४. आदरका आधारमा लोहारुङ भाषा र नेपाली भाषाको तुलना ४६

५.५. कालका आधारमा लोहोरुङ भाषा र नेपाली भाषा भाषाको तुलना ४८

५.५.१ भूतकाल ४८

५.५.२ अभूतकाल ४९

५.६. पक्षका आधारमा लोहोरुङ भाषा र नेपाली भाषाको तुलना ४९

५.६.१ अपूर्ण पक्ष ५०

५.६.२.पूर्ण पक्ष ५१

५.६.३ अभ्यस्त पक्ष ५१

५.६.४ अज्ञात पक्ष ५२

५.७. भावका आधारमा लोहोरुङ भाषा र नेपाली भाषाको तुलना ५३

५.७.१ सामान्यर्थ ५३

५.७.२ आज्ञार्थ ५३

५.७.३ इच्छार्थ ५४

५.७.४ सम्भावनार्थ ५४

५.७.५ प्रश्नार्थ ५५

५.७.६ सङ्केतार्थ ५५

५.८.वाच्यका आधारमा लोहोरुङ भाषा र नेपाली भाषाको तुलना ५६

५.८.१ कर्तृवाच्य ५६

५.८.२ कर्मवाच्य ५६

५.८.३ भाववाच्य ५७

**अध्याय छ**

**सारांश, निष्कर्ष र उपादेयता ५८-६२**

६.१ सारांश ५८

६.२ निष्कर्ष ५९

६.३ उपादेयता ६१

**सन्दर्भ सामग्री**

# तालिका सूची


| | | |
|---|---|---|
| तालिका १ | लोहोरुङ भाषामा लिङ्गबोधक नाम | २३ |
| तालिका २ | लोहोरुङ भाषामा लिङ्गबोधक विशेषण | २४ |
| तालिका ३ | लोहोरुङ भाषामा नाममा वचन | २५ |
| तालिका ४ | लोहोरुङ भाषामा सर्वनाममा वचन | २६ |
| तालिका ५ | लोहोरुङ भाषामा दर्शकवाचक सर्वनाममा वचन | २६ |
| तालिका ६ | लोहोरुङ भाषामा विशेषणमा वचन | २७ |
| तालिका ७ | लोहोरुङ भाषामा कर्ता अनुसार कियामा वचन | २८ |
| तालिका ८ | लोहोरुङ भाषामा कर्म अनुसार कियामा वचन | २९ |
| तालिका ९ | लोहोरुङ भाषामा प्रथम पुरुष | ३० |
| तालिका १० | लोहोरुङ भाषामा द्वितीय पुरुष | ३० |
| तालिका ११ | लोहोरुङ भाषामा तृतीय पुरुष | ३१ |
| तालिका १२ | लोहोरुङ भाषामा आदर | ३१ |
| तालिका १३ | लोहोरुङ भाषामा काल | ३२ |
| तालिका १४ | लोहोरुङ भाषामा अपूर्ण पक्ष | ३३ |
| तालिका १५ | लोहोरुङ भाषामा पूर्ण पक्ष | ३३ |
| तालिका १६ | लिङ्गका आधारमा लोहोरुङ र नेपाली भाषामा नामको प्रयोग | ३७ |
| तालिका १७ | लिङ्गका आधारमालोहोरुङ र नेपाली भाषामा विशेषणको प्रयोग | ३८ |
| तालिका १८ | लिङ्गका आधारमा लोहोरुङ र नेपाली  भाषामा कियाको प्रयोग | ३९ |
| तालिका १९ | वचनका आधारमा लोहोरुङ र नेपाली भाषामा नामको प्रयोग | ४० |
| तालिका २० | वचनका आधारमा लोहोरुङ र नेपाली भाषामा प्रथम पुरुषको प्रयोग | ४१ |
| तालिका २१ | वचनका आधारमा लोहोरुङ र नेपाली भाषामा द्वितीय पुरुषको प्रयोग | ४१ |
| तालिका २२ | वचनका आधारमा लोहोरुङ र नेपाली भाषामा तृतीय पुरषको प्रयोग | ४२ |
| तालिका २३ | वचनका आधारमा लोहोरुङ र नेपाली भाषामा दर्शकवाचक सर्वनामको प्रयोग | ४३ |
| तालिका २४ | वचनका आधारमा लोहोरुङ र नेपाली भाषामा विशेषणको प्रयोग | ४३ |
| तालिका २५ | वचनका आधारमा लोहोरुङ र नेपाली भाषामा कियाको प्रयोग | ४४ |

| | | |
|---|---|---|
| तालिका २६ | प्रथम पुरुषका आधारमा लोहोरुङ र नेपाली भाषामा क्रियाको प्रयोग | ४५ |
| तालिका २७ | द्वितीय पुरुषका आधारमा लोहोरुङ र नेपाली भाषामा क्रियाको प्रयोग | ४५ |
| तालिका २८ | तृतीय पुरुषका आधारमा लोहोरुङ र नेपाली भाषामा क्रियाको प्रयोग | ४६ |
| तालिका २९ | लोहोरुङ र नेपाली भाषामा आदरको प्रयोग | ४७ |
| तालिका ३० | लोहोरुङ र नेपाली भाषामा भूत कालको प्रयोग | ४८ |
| तालिका ३१ | लोहोरुङ र नेपाली भाषामा अभूत कालको प्रयोग | ४९ |
| तालिका ३२ | लोहोरुङ र नेपाली भाषामा अपूर्ण भूतको प्रयोग | ५० |
| तालिका ३३ | लोहोरुङ र नेपाली भाषामा अपूर्ण वर्तमानको प्रयोग | ५० |
| तालिका ३४ | लोहोरुङ र नेपाली भाषामा पूर्ण भूतको प्रयोग | ५१ |
| तालिका ३५ | लोहोरुङ र नेपाली भाषामा पूर्ण वर्तमानको प्रयोग | ५१ |
| तालिका ३६ | लोहोरुङ र नेपाली भाषामा अभ्यस्त भूतको प्रयोग | ५२ |
| तालिका ३७ | लोहोरुङ भाषामा अज्ञात भूतको प्रयोग | ५२ |
| तालिका ३८ | लोहोरुङ भाषामा सामान्यर्थको प्रयोग | ५३ |
| तालिका ३९ | लोहोरुङ र नेपाली भाषामा आज्ञार्थको | ५३ |
| तालिका ४० | लोहोरुङ र नेपाली भाषामा इच्छार्थको प्रयोग | ५४ |
| तालिका ४१ | लोहोरुङ र नेपाली भाषामा सम्भावनार्थको प्रयोग | ५४ |
| तालिका ४२ | लोहोरुङ र नेपाली भाषामा प्रश्नार्थको प्रयोग | ५५ |
| तालिका ४३ | लोहोरुङ र नेपाली भाषा सङकेतार्थको प्रयोग | ५५ |
| तालिका ४४ | लोहोरुङ र नेपाली भाषामा कर्तृवाच्यको प्रयोग | ५६ |
| तालिका ४५ | लोहोरुङ र नेपाली भाषामा कर्मवाच्यको प्रयोग | ५६ |
| तालिका ४६ | लोहोरुङ र नेपाली भाषामा भाववाच्यको प्रयोग | ५७ |

# अध्याय एक

# शोध परिचय

## १.१.पृष्ठभूमि

शैक्षिक अनुसन्धान सामाजिक अनुसन्धानको एउटा क्षेत्र हो । यसले वैज्ञानिक र दार्शनिक विधिहरूको प्रयोग गरेर शैक्षिक समस्याहरूको समाधान गर्दछ (खनाल, २०७२:६) । यसर्थ शैक्षिक अनुसन्धानमा सामाजिक अनुसन्धानका विधिहरूको प्रयोग गरिन्छ र यो शैक्षिक समस्या तथा मुद्दाहरूमा केन्द्रितमा हुन्छ । त्यसै गरी भाषासँग सम्बन्धित तथ्यको खोजी र समस्याहरूको समाधानमा केन्द्रित अनुसन्धान भाषिक अनसन्धान हो । भाषिक अनुसन्धानका निम्ति सैद्धान्तिक आधार भाषाविज्ञानबाट प्राप्त हुन्छ (त्रिपाठी, २०६६: ७४) । यो भाषा, भाषाशिक्षण, भाषाको उत्पत्ति, भाषाको इतिहास, भाषाको उपयोगिता, भाषिक सिद्धान्त, भाषिक सिप, भाषा तथा भाषिकाहरूको अवस्था, प्रयोग अनि भाषा शिक्षण सम्बन्धी विविध पक्षको अध्ययनसँग सम्बन्धित हुन्छ (निउरे र घिमिरे, २०७०: ४) । त्यसैले भाषाहरूको तुलनात्मक अध्ययन भाषिक अनुसन्धानको एक पक्ष हो ।

नेपाल भाषिक विविधतायुक्त मुलुक हो । नेपाली भाषालाई नेपालको सम्पर्क भाषा र मानक भाषाको रूपमा लिइन्छ । अधिकांश क्षेत्रमा सरकारी कामकाजको भाषाको रूपमा रहेको छ । त्यसैले स्तरीय प्रयोगका लागि नेपाली भाषाको अध्ययन अध्यापनमायी विभिन्न मातृभाषा र नेपाली भाषा बिचको सम्बन्ध, समानता, भिन्नता, यिनीहरूको व्याकरणिक व्यवस्था आदिका आधारमा गरिने तुलनात्मक अध्ययनले भाषा शिक्षणलाई सहयोग गर्दछ । यो अध्ययन व्याकरणात्मक कोटिको आधारमा गरिएको तुलनात्मक अध्ययन हो ।

विभिन्न भाषामा व्याकरणात्मक कोटिको प्रयोग अवस्था फरक फरक हुन सक्छ । नेपाली भाषाको सापेक्षतामा नेपालको पूर्वी पहाडी क्षेत्रमा बोलिने भाषा किराती समूह अन्तर्गत लोहोरुङ भाषाको व्याकरण व्यवस्थाको अध्ययन गरिएको छ । यो भाषा भोट चिनियाँ भाषा परिवार र नेपाली भाषा भारोपेली भाषा परिवार अन्तर्गतको हुनाले यिनीहरू बिचको व्याकरण व्यवस्था पनि फरक रहेको छ । प्रस्तुत शोधपत्रमा यी दुई भाषा बिच व्याकरणात्मक कोटिका आधारमा तुलना गरिएको छ ।

(क) **लोहोरुङ राई**

लोहोरुङ भाषा पूर्वी नेपालको कोशी अञ्चल अर्न्तगत अरुण उपत्यका, सङ्खुवासभा जिल्लामा बोलिन्छ । विविध किराती भाषाहरू मध्ये लोहोरुङ राईहरूले बोल्ने भाषा लोहोरुङ भाषा हो । तोबा (२०४८) को एक शोधपत्र अनुसार किराँतीहरूप्राचीन बहुभाषी जनजाति हुन् । यिनीहरू नेपालको पूर्वी भागमा बसोबास गर्दछन् । चेम्जोङ (२०५९) द्वारा हाल पूर्वी नेपालका यी जनजातिहरू सदियौँ पहिले तिन दिशाबाट आएका थिए । उनले पूर्वबाट आउने काशीवंश, पश्चिमबाट आउने ताइस्यानवंश र उत्तर दिशाबाट आउनेलाई लासावंशका रूपमा उल्लेख गरेका छन् । नेपालको इतिहासमा किराँतीहरूलाई नेपालको इतिहासमा महिषपाल वंशपछिका शाषक जसलाई १००० वर्ष पहिले लिच्छवि शासकहरूद्वारा विस्थापित गरेको उल्लेख छ । किराँतीहरू विश्वमा वीर लडाकु जातिका रूपमा परिचित छन् । लोहोरुङ राई किराँतको एक शाखा हो । जर्ज भान ड्रिएमले लोरुङ, लोह्रुङ र लोहरुङ का रूपमा पनि उच्चारित हुने कुरा उल्लेख गरेका छन् भने राई (२०५८) ले अन्य किराती थरहरूसँगै लहरूङ जातिको उल्लेख गरेको पाइन्छ । यहि लहरूङलाई आजकाल लोहोरुङ र कतिपयले लोहरूङ पनि भनेको पाइन्छ ।

लोहोरुङहरू अरुण उपत्यकाका आदिवासी हुन् । सङ्खुवासभा जिल्लाको सदरमुकाम खाँदबारी नगरपालिकाको पाङमा, माल्टा र खोरन्डे, आङला, गैह्रीआङला, बर्देउ, हिँगुवा, धुपू, सित्तलपाटी र दिदिङमा लोहोरुङ राईहरूको बसोबास रहेको छ । लोहोरुङ भाषाको उर्वर थलो खाँदबारी नगरपालिका वडा नं. ४ पाङ्मा हो । पाङ्मा खाँदबारी बजारदेखि पश्चिमोत्तर तर्फ पर्दछ । तथापि आन्तरिक बसाईंसराइका कारण सुनसरीको धरान र इटहरी, मोरङ लगायत पूर्वी तराईका जिल्लाहरूमा लोहोरुङ राईहरूको बसोबास विस्तार भएको छ । चार्लोट इ हार्डम्यानले उनको विद्यावरिधि प्रयोजनार्थकृत एक मानव शाश्त्रीय अध्ययन 'द अदर वर्ल्डः नोसन अफ सेल्फ एन्ड इमोसन एमोङ द लोहोरुङ राई' (२०००) मा लोहोरुङ राईहरूलाई हिमाली जनजातिका रूपमा उल्लेख गरेकी छन् । त्यस्तै मिचेल र हिल्टीले आफ्नो एक अध्ययन पत्रमा विश्वको पाचौं अग्लो हिमालको फेदमा बसोबास गर्ने समुदायका रूपमा उल्लेख गरेका छन् ।

**(ख) लोहोरुङ भाषा**

नेपालको पूर्वी क्षेत्रमा राई जातिहरू बोल्ने भाषा पनि चिनियाँ तिब्बती भाषा परिवारकै एक भाषा हो । राई जातिमा एक जाति अनेक भाषाको स्थिति रहेको छ । राईका विभिन्न थरमा आफ्नै मातृभाषा रहेका छन् । 'जति राई त्यति कुरा' भन्ने उखान अनुसार राई भित्र ३० भन्दा बढि पाछा छन् र प्रत्येक पाछाका बेग्लाबेग्लै मातृभाषाहरू मध्ये २४ भाषा जीवित छन् । लोहोरुङ भाषा सङ्खुवासभा जिल्लामा पर्ने अरुण उपत्यकाका लोहोरुङ राईहरूको मातृभाषा हो । नेपालको जनगणना (२०६८) मा लोहोरुङ भाषी वक्ताहरूको सङ्ख्या ३७२० र सङ्खुवासभा जिल्लामा २८१७ जना पाइएको छ । तर जनगणनाका समयमा कतिपयले सचेतनाका अभावमा बहुभाषी राईहरूले आफ्नो मातृभाषामा राई लेखाएको पाइन्छ, जब कि राई भन्ने अलग्गै कुनै भाषा हुदैंन । लोहोरुङहरूले यसलाई याक्खाबा खाप, कानी खाप (हाम्रो भाषा) पनि भन्दछन् । तोबाका अनुसार किराती भाषाहरूको वर्गीकरणमा पल्लो किराती भाषाहरू, माझ किराती भाषाहरू र वल्लो किराती भाषाहरू गरी तिन समूहमा गरेको पाइन्छ । यी मध्ये लोहोरुङ भाषा पल्लो किराती भाषाहरूको समूह अन्तर्गत पर्ने तथ्य प्रस्तुत गरिएको छ । भान ड्रिएमकै अनुसार लोहोरुङ भाषा याम्फू र मेवाहाङ भाषासँग निकट भएको उल्लेख गरेका छन् । कतिपयले याम्फू र लोहोरुङलाई एउटै भाषाका रूपमा पनि उल्लेख गरेको पाइन्छ तर सुक्ष्म अध्ययन गर्ने हो भने याम्फु भाषामा लोहोरुङमा भन्दा बढि संघर्षी ध्वनिहरूको प्रयोग पाइन्छ । हाल यो भाषा विभिन्न भाषाहरूको प्रभावले लोपोन्मुख हुँदै गएका छन् । तथापि यिनीहरूको आफ्नो भिन्नै व्याकरण व्यवस्था रहेको छ ।

यहाँ लोहोरुङ भाषामा व्याकरणात्मक कोटिहरू (लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव, वाच्य) को प्रयोग अवस्था र नेपाली भाषासँग त्यसको सापेक्षताको अध्ययन गरिएको छ । प्रस्तुत शोधपत्रमा यसका स्वरूप र विशेषताहरूको पहिचान गर्नु मुख्य विषयवस्तु रहेको छ । मानक नेपाली भाषामा व्याकरणात्मक कोटिका आधारमा पाइने समानता र भिन्नताको पहिचान गरिएको छ ।

## १.२ समस्याकथन

संसारमा अहिलेसम्म ६००० भन्दा बढि भाषाहरू रहेको अनुमान गरिएको छ (भण्डारी र पोखेल २०७२:१६) । नेपालको जनगणना २०६८ का अनुसार नेपालमा १२३ वटा

भाषाहरू बोलिन्छन् । भाषिक विविधतालाई राष्ट्रको सम्पदाका रूपमा लिइन्छ । ती सम्पूर्ण भाषाहरूमध्ये देवनागरी लिपिमा लेखिने नेपाली भाषा नेपालको मानक भाषा हो । नेपाली एक बहुभाषिक राष्ट्र हो । नेपालमा बोलिने १२३ भाषाहरू मध्ये चिनियाँ तिब्बती भाषा परिवार अन्तर्गत राई जाति भित्रका भाषाहरू मध्ये लोहोरुङ भाषा पनि एक हो । राई जातिका अनेक भाषाहरूमध्ये लोहोरुङ भाषा लोहोरुङ राईहरूको मातृभाषा हो । लोहोरुङ भाषा र नेपाली भाषा दुई विषमपारिवारिक भाषाहरू हुनाले पनि प्रशस्त भिन्नताहरू छन् । लोहोरुङ भाषामा व्याकरणात्मक कोटिको प्रयोग अवस्था कस्तो छ ? मानक नेपाली भाषा र लोहोरुङ भाषाका बिच व्याकरणात्मक कोटिका आधारमा के कस्ता समानता असमानता रहेका छन् ? प्रस्तुत अध्ययन यिनै समस्याहरूमा केन्द्रित रहेको छ ।

## १.३ उद्देश्य

प्रस्तुत शोधपत्रका उद्देश्य निम्नानुसार छन्:

(क) लोहोरुङ भाषाको व्याकरणात्मक कोटिको व्यवस्था पहिचान गर्नु ।

(ख) नेपाली भाषा र लोहोरुङ भाषाका व्याकरणात्मक कोटिको तुलना गर्नु ।

## १.४.सान्दर्भिकता

प्रत्येक भाषाका आफ्नै विशेषताहरू हन्छन् । नेपालमा बोलिने १२३ भाषाहरूका पनि मौलिक विशेषताहरू रहेका छन् । संरचना, स्वरूप र विशिष्टताले नै भाषाहरू एक अर्को भन्दा पृथक हुन्छन् । यिनै पृथकताका कारणहरूमध्ये व्याकरण व्यवस्था पनि एक हो । व्याकरणात्मक कोटिका आधारमा गरिने अध्ययनहरूले ती भाषाहरूका बिचको समानता तथा भिन्नताको पहिचान गर्न सकिन्छ । लोहोरुङ भाषाको अध्ययनको न्यूनतालाई यसले केही हदसम्म पुरा गर्नेछ । खास गरी यस भाषाको व्याकरण व्यवस्थामा हालसम्म कुनै अध्ययन हुन सकेको थिएन । यस्ता अध्ययनहरूले उत्तरवर्ती अध्येताहरूलाई मार्गदर्शन गर्दछ भने मातृभाषामा शिक्षा दिने अवधारणालाई साकार पार्न पाठ्यक्रम, पाठ्यपुस्तक निर्माणमा सम्बन्धित पक्षलाई पृष्ठपोषण प्रदान गर्दछ । लोपोन्मुख रूपमा रहेको लोहोरुङ राईहरूको मातृभाषाको संरक्षणका लागि सहयोगीको भूमिका निर्वाह गर्नेछ । समग्रमा सरोकारवाला सम्पूर्ण पक्षलाई प्रस्तुत शोधपत्र उपयोगी रहेको छ ।

लोहोरुङ भाषा र जातिको क्षेत्रमा नेपाली भाषाको माध्यममा अध्ययनको एकदमै न्यून रहेको छ । केही विदेशी अध्येताले यसको अध्ययन नगरेका होइनन् तथापि स्वदेशी तथा मातृभाषी अध्येताहरूबाट मात्र सम्बन्धित भाषा प्रति न्यायपूर्ण अध्ययन हुन्छ जुन हालसम्म नगण्य रूपमा रहेको छ । प्रस्तुत अध्ययनले लोहोरुङ भाषा र जातिको अध्ययनको क्रमलाई निरन्तरता प्रदान गर्नेछ ।

अङ्ग्रेजी तथा मानक भाषाप्रति झुकाउ बढ्दै गएको छ । सामुदायिक विद्यालय भन्दा  अङ्ग्रजी माध्यमबाट पढाइ हने विद्यालय प्रति विद्यार्थी र अविभावकको आकर्षणका कारण नेपाली लगायत अन्य मातृभाषा प्रति जनमानसमा चासो कम हुँदै गएको छ । यस पूर्व मातृभाषामा प्राथमिक शिक्षाको व्यवस्था नभएका कारण मूलधारको शिक्षामा सहज वा अविभावकहरू मातृभाषाप्रति उदासीन भए । यसकारण लोहोरुङ भाषाको वक्ता सङ्ख्यामा पनि ह्रास आयो । र लोपोन्मुख/सङ्कटापन्न भाषामा सूचीकृत भयो । प्रस्तुत अध्ययनले लोहोरुङ जातिमा मातृभाषा प्रति सकरात्मक धारणाको विकास गराउनेछ ।

आधारभूत शिक्षाको माध्यम मातृभाषा हुने व्यवस्था सँगसँगै यस भाषाका पाठ्यपुस्तक तथा पाठ्यक्रमको आवश्यक हुन्छ । प्रस्तुत अध्ययनले पाठ्यपुस्तक तथा पाठ्यक्रम निर्माता,  शिक्षक तथा विद्यार्थी र अविभावक सहित सरोकारवालाहरूका लागि सहयोगी बन्नेछ ।

लोहोरुङ भाषा र जाति तथा अन्य जातिभाषिक अध्ययनमा रुचि राख्ने अध्येताहरूलाई  मार्गदर्शन गर्न प्रस्तुत अध्ययन उपयोगी हुनेछ ।

लोहोरुङ मातृभाषी शिक्षक तथा विद्यार्थीहरूलाई नेपाली भाषा शिक्षण र सिकाइमा सहायक हुनेछ ।

## १.५. सीमाङ्कन

अनुसन्धानका क्षेत्र व्यापक हुने भएकाले अध्ययनलाई विषयवस्तुमा केन्द्रित गर्न सीमा निर्धारण गरिन्छ । प्रस्तुत अध्ययन लोहोरुङ भाषा र नेपाली भाषामा रहेको व्याकरणात्मक व्यवस्थासँग सम्बन्धित रहेको छ । व्याकरणात्मक कोटिहरू लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव, वाच्यको लोहोरुङ भाषामा प्रयोग र यिनीहरूको आधारमा लोहोरुङ भाषा र नेपाली भाषा बिचको समानता तथा भिन्नता पहिचान गर्नमा यस अध्ययनलाई सीमित गरिएको छ ।

## १.६. अध्ययनको रूपरेखा

अनुसन्धानका क्रममा गरिएका कार्यहरू र त्यसबाट प्राप्त तथ्यहरूलाई व्यवस्थित र सङ्गठित रूपमा प्रस्तुत गर्न ती सम्पर्ण सामग्रीहरूलाई एउटा रूपरेखामा आबद्ध गरिन्छ । प्रस्तुत अध्ययनलाई विभिन्न परिच्छेद वा अध्यायमा विभाजन गर्दै आवश्यकता अनुसार शीर्षक, उपशीर्षक उल्लेख गरी निम्नानुसारको रूपरेखामा प्रस्तुत गरिएको छः

प्रस्तुत अध्ययनको अध्याय एकमा शोध परिचय शीर्षक रहनेछ भने अध्ययनको पृष्ठभमि, समस्या कथन, उद्देश्य, सान्दर्भिकता, सीमाङ्कन र रूपरेखा जस्ता उपशीर्षक रहेका छन् ।

अध्याय दुईमा पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा शीर्षकमा पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा उपशीर्षकमा यस अध्ययनसँग सम्बन्धित अन्य पुस्तक तथा शोधपत्रहरूका बारेमा चर्चा गरिएको छ । त्यस्ता पुस्तकमा प्रस्तुत गरिएका अवधारणा, शोधपत्रका उद्देश्य, अवलम्बन गरिएका अध्ययन विधिहरू तथा त्यसबाट निकालिएका निष्कर्षहरूको सङ्क्षिप्त सूचना समावेश गरिएको छ। साथै लोहोरुङ जाति, भाषा र यसको सांस्कृतिक पक्षको सङ्क्षिप्त परिचय प्रस्तुत गरिएको छ । व्याकरणात्मक कोटि र तुलनात्मक भाषाविज्ञानको अवधारणा पनि यस अध्यायमा समेटिएको छ ।

अध्याय तिनमा अध्ययन विधि र प्रक्रिया शीर्षकमा अध्ययनका क्रममा प्रयोग गरिने अध्ययन विधि र त्यसको प्रयोग प्रक्रियालाई उल्लेख गरिएको छ । यस अन्तर्गत अध्ययनका ढाँचा, जनसङ्ख्या, नमुना छनोट र तथ्य सङ्कलन प्रक्रिया, व्याख्या विश्लेषण जस्ता उपशीर्षक रहेका छन् ।

प्रस्तुत अध्ययनमा अध्याय चारको शीर्षक लोहोरुङ भाषाको व्याकरण व्यवस्था रहेको छ । यस अध्यायमा अध्ययनबाट प्राप्त तथ्याङ्कहरूका आधारमा लोहोरुङ भाषाको व्याकरण व्यवस्थाको विस्तृत व्याख्या गरिएको छ । यसका विशेषता, व्याकरणात्मक कोटिहरूको प्रयोग अवस्था बारे विश्लेषण र छलफल गरिएको छ ।

अध्याय पाँचको शीर्षक लोहोरुङ भाषा र नेपाली भाषाको व्यारणात्मक कोटिको तुलना रहेको छ । यसमा तथ्याङ्कहरूको आधारमा नेपाली भाषा र लोहोरुङ भाषाका बिच

व्याकरणात्मक कोटिको तुलना गरिएको छ । लोहोरुङ भाषा र नेपाली भाषाको व्याकरणमा रहेका फरक व्यवस्थाहरूको पहिचान गरिएको छ ।

प्रस्तुत अध्ययनको अध्याय छको शीर्षक सारांश, निष्कर्ष र उपादेयता रहेको छ । समग्र अध्ययन कार्यको सारांशलाई अध्यायगत रूपमा अनुच्छेदमा उल्लेख गरिएको छ । विश्लेषण खण्डमा केन्द्रित भई प्राप्त निष्कर्ष, शोधपत्रको उपादेयता र अध्ययनका आधारमा सम्बन्धित पक्षलाई दिइने सुझाव आदिलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

शोधपत्रको अन्तमा सन्दर्भसामग्री सूची, परिशिष्ट, व्यक्तिवृत्त राखिएको छ ।

# अध्याय दुई

# पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

## २.१. पूर्वकार्यको पुनरावलोकन

निउरे र घिमिरे (२०७०) का अनुसार पूर्वकार्यको समीक्षामा अनुसन्धानका क्रममा उक्त शीर्षक र विषयसँग सम्बन्धित यस पूर्व भएका अनुसन्धान कार्य, पुस्तक प्रकाशन, पत्रपत्रिका, लेख, प्रतिवेदन तथा जर्नल आदिको अध्ययन गरिन्छ । यो कार्य अनुसन्धान प्रारम्भ गर्नु भन्दा पहिले देखि प्रतिवेदनको अन्तिम रूप तयार पारिन्जेल सम्म निरन्तर चलिरहन्छ । पूर्वकार्यको पुनरावलोकनबाट उक्त अनुसन्धानहरूमा प्रयोग गरिएका सिद्धान्त र प्रविधिहरू बारे जानकारी प्राप्त भएको छ । हालसम्म भएका अनुसन्धानहरूको खोजी र अध्ययन गरी अध्ययन हुन बाँकी समस्यालाई शीर्षकका रूपमा छनोट गरिएको छ । अध्ययनकार्यलाई अगाडि बढाउने क्रममा उक्त समस्यालाई परिभाषित गर्ने, उपयक्त विधि छनोट गर्ने, तथ्य सङ्कलन र विश्लेषण प्रक्रिया बारे आवश्यक मार्गदर्शन प्राप्त भएको छ । त्यसैले यस अनुसन्धान कार्यमा पूर्वकार्यको पुनरावलोकन र समीक्षाको महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

यस अध्यायमा प्रस्तुत अध्ययनको शीर्षकसँग सम्बन्धित सामग्रीहरूको बारेमा चर्चा गरिएको छ । ती सामग्रीहरूमा प्रस्तुत अवधारणा, शोधपत्रका उद्देश्य, अवलम्बन गरिएका अध्ययन विधिहरू तथा त्यसबाट प्राप्त निष्कर्षहरूको सङ्क्षिप्त सूचना समावेश गरिएको छ । प्रस्तुत शोध पत्रसँग सम्बन्धित यस पूर्व भएका कार्यहरूको समीक्षा यस प्रकार रहेको छः

### २.१.१. पुस्तक सम्बन्धी पुनरावलोकन

यस अध्ययनका क्रममा लोहोरुङ भाषासँग सम्बन्धित पुस्तक, शब्दकोश र स्वदेशी तथा विदेशी अध्येताहरूबाट भएका शोधहरूको अध्ययन गरिएको छ । अन्य भाषा र नेपाली भाषा बिचको तुलनात्मक अध्ययनहरू र व्यारकणात्मक कोटिका सम्बन्धमा भाषाविज्ञानसँग सम्बन्धित पुस्तकहरूको समेतको अध्ययन गरिएको छ ।

'कुनै आधार वा प्रकृतिलाई वाक्यमा प्रयोग गर्दा त्यसको कोशीय अर्थलाई कायम राख्दै त्यस आधार वा प्रकृतिलाई अर्को शब्द वा शब्दका एकाइसँग सम्बद्ध गराउने वर्गलाई

रूपायनिक कोटि भनिन्छ' (न्यौपाने, भण्डारी ..., २०६९: ९८) । यिनै रूपायनिक कोटिलाई व्याकरणात्मक कोटि पनि भनिन्छ ।

'वाक्यात्मक संरचनामा प्रयुक्त पद अन्तर्गत आएका कोशीय कोटि बाहेकका भाषिक रूप (रूपायक प्रत्यय) ले सङ्केत गर्ने लिङ्ग, वचन, पुरुष, कारक, पक्ष, भाव, वाच्य, आदर व्याकरणत्मक कोटि हन्' (गौतम र चौलागाईं, २०७०: ८२) । कोशीय शब्दलाई वाक्यमा प्रयोग योग्य बनाउन तिनीहरूसँगै व्याकरणात्मक कोटिका सङ्केत रूपहरूको संयोजन गरिन्छ । यस्ता कोटिहरूको आधारमा रूपावली निर्माण हुन्छ । रूपावली निर्माण गर्दा वाक्यमा आएको आधार वा प्रकृतिको कोशीय अर्थमा कनै विचलन ल्याउँदैन तर वाक्यमा अर्को पदावलीसँग सङ्गतिपूर्ण भई आउँछ ।

"फरक फरक भाषाका बिचको तुलनात्मक अध्ययनको सम्बन्ध ऐतिहासिक भाषा विज्ञानसँग गाँसिएको पाइन्छ । वर्णानात्मक भाषा विज्ञानको विकास हुनुभन्दा अगाडिको पश्चिमेली भाषा वैज्ञानिक अध्ययन यस्तै खालको थियो, जसको उद्देश्य भाषाहरूका बिचमा ऐतिहासिक वा पारिवारिक सम्बन्ध दर्शाई भाषिक रूप र अर्थ परिवर्तनका दिशा औंल्याउन रहेको थियो" (पौडेल, २०६९: १८७) । तुलनात्मक अध्ययनमा विभिन्न समयमा बोलिने भाषा तथा एउटै समयमा बोलिने विभिन्न भाषाको विभिन्न आधारमा तुलना गरी समानता र भिन्नता पत्ता लगाउने काम गरिन्छ ।

लोहोरुङ भाषाको स्तरीय लेखनका लागि लोहोरुङ (राई) लेखन निर्देशिका (२०१२) प्रकाशित छ । यसले लोहोरुङ (राई) भाषाको लिपि प्रयोगमा ल्याउन भएको कठिनाइलाई मध्यनजर गर्दै देवनागरी लिपिमा लोहोरुङ भाषाको लेखनमा एकरूपता ल्याउने, लोहोरुङ मातृभाषी वक्ताहरूलाई उत्साहित बनाउन र पाठ्यक्रम र पाठ्यपुस्तक निर्माणमा सहजता प्रदान गर्ने उद्देश्य राखेको छ । लोहोरुङ भाषाका विभिन्न वर्णहरूको स्तरीय लेखनको ढाँचा प्रस्तुत गरिएको छ ।

## २.१.२. शोधपत्र सम्बन्धी पुनरावलोकन

पूर्वकार्यको पुनरावलोकन गर्ने क्रममा विभिन्न समयमा भएका अध्ययनहरूलाई पनि समेटिएको छ ।

पन्थी (२०६४) द्वारा गुल्मेली भाषिका र स्तरीय नेपाली भाषा बिचको तुलनात्मक अध्ययन गरिएको छ । गुल्मेली भाषिकाको सामान्य परिचय दिंदै यसको ध्वन्यात्मक

व्यवस्था, शब्द रूपायन, वाक्य तत्त्वको विशेषता र आधारभूत शब्दहरू सङ्कलन गरिएको छ । गुल्मेली भाषिकाका पुर्वेली भाषिका समूह अन्तर्गत पर्वतीसँग समदूरीमा रहेको, गोर्खाली र खसानीसँग ने कृदन्त 'नी' मा परिवर्तन हुने प्रक्रिया समान रहेको, विपर्यास, ध्वन्यात्मक परिवर्तनमा समीभवन रहेको, स्त्री लिङ्गी शब्दमा एनी, नी, इनी लाग्ने निष्कर्ष निकालिएको छ ।

राई (२०१२) द्वारा गरिएको एक अध्ययन 'प्लुरलाइजेसन इन इङ्लिस एन्ड लोहोरुङ' मा यसको वचन व्यवस्था पत्ता लगाउन र त्यसलाई अङ्ग्रजी भाषाको वचन व्यवस्थासँग तुलना गरिएको छ । प्राथमिक स्रोतमा सङ्खुवासभा जिल्ला खाँदबारी नगरपालिका १, ३ र ४ का ६० जना लोहोरुङ भाषालाई मातृभाषाका रूपमा पयोग गर्ने मूल वक्ताहरूलाई नमुनाका रूपमा लिइएको छ । प्रश्नावली र अन्तरवार्तालाई अनुसन्धानको मुख्य औजारका रूपमा प्रयोग गरी तथ्य सङ्कलन गरिएको छ । उक्त अध्ययनबाट लोहोरुङ भाषामा केही सर्वनाम तथा क्रियामा एकवचन, द्विवचन र बहुवचन व्यवस्थाको पहिचान गरिने, क्रियामा 'ची' र 'चीगा' जस्ता प्रत्यय लगाइ द्विवचनका रूपमा प्रयोग गरिने, 'मी' र 'किङ्का' जस्ता प्रत्यय लगाई बहुवचनका रूपमा प्रयोग गरिने, त्यस्तै लोहोरुङ भाषामा द्विवचन सर्वनाममा (कहिलेकाहीँ बहुवचनमा पनि) 'ची' प्रत्यय र समूहवाचक सर्वनाममा 'इघा' को पनि प्रयोग गरिने निष्कर्ष निकालिएको छ ।

थापा (२०६५) द्वारा दैलेखमा बोलिने मगर ढुट भाषाको अध्ययन गरिएको छ । मगर ढुट भाषाका वर्ण, रूप र वाक्य व्यवस्थाको अध्ययन गर्ने उद्देश्यमा केन्द्रित भई उक्त शोधकार्य सम्पन्न भएको पाइन्छ । शोधकर्ता स्वयम् मगरभाषी वक्ता भएकाले प्राथमिक स्रोतबाट आधारभूत शब्दहरू सङ्कलन गरिएको र अन्य तथ्यहरू पुस्तकालयबाट शोधपत्र, पत्रपत्रिका आदिबाट सङ्कलन गरिएको छ । प्रस्तुत अध्ययनबाट मगर भाषामा १२ वटा स्वर वर्ण र ३२ वटा व्यञ्जन वर्ण गरी ४४ वटा वर्ण रहेको र नेपाली भाषाका ञ, ण, त, थ, ध, क्ष, त्र, ज्ञ वर्णहरू नरहेको र मगर भाषामा पनि मुक्त र बद्ध रूप रहेको निष्कर्ष निकालिएको छ ।

शाह (२०६७) द्वारा कैलाली जिल्लामा बोलिने थारु भाषा र नेपाली भाषाको व्याकरणात्मक कोटिका आधारमा व्यतिरेकी अध्ययन गरिएको छ । उक्त अध्ययनमा थारु भाषाको परिचय सहित यसका व्याकरणात्मक विशेषताहरू पत्ता लगाउने र यसकै आधारमा थारु भाषाको व्यतिरेकी अध्ययन गर्ने र थारु भाषी विद्यार्थीहरूको नेपाली भाषा

सिकाइमा देखिने समस्या समाधानका लागि सुझाव प्रस्तुत गर्ने कार्य भएको छ । प्रस्तुत अध्ययनमा गौण विधि अन्तर्गत पुस्तकालयीय विधिको प्रयोग गरिएको छ। यस अध्ययनबाट लिङ्ग, वचन, पुरुषको आधारमा नेपाली भाषा भन्दा थारु भाषा भिन्न रहेको र भाव (अर्थ) र वाच्यको प्रयोग अवस्थाका आधारमा यी दुई भाषा असमान रहेको निष्कर्ष निकालिएको छ ।

रोकाया (२०६७) द्वारा बझाङी भाषा र नेपाली भाषाको व्याकरणिक कोटिको तुलनात्मक अध्ययन गरिएको छ । उक्त अध्ययनबाट बझाङी भाषिका र मानक नेपाली भाषाका बिचमा रहेका भिन्नता बझाङी भाषिकाको विशेषताहरू पहिल्याउने, बझाङी भाषिका र नेपाली भाषाका व्याकरणिक कोटिहरूको तुलनात्मक अध्ययन गर्ने जस्ता काम भएका छन् । निष्कर्षमा नेपाली भाषा र बझाङी भाषामा ध्वन्यात्मक विचलन देखिए पनि व्याकरणिक व्यवस्थाका दृष्टिकोणले त्यति भिन्नता नपाएको तथ्य प्रस्तुत गरिएको छ ।

सापकोटा (२०६७) द्वारा नेपाली भाषा र मैथिली भाषाको व्याकरणात्मक कोटिका आधारमा तुलनात्मक अध्ययन गरिएको छ । यसमा मैथिली जाति र भाषाका परिचय दिने, व्याकरणका कोटिहरू लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव, आदिका आधारमा तुलनात्मक अध्ययन गर्ने, नेपाली भाषाको सिकाइमा मैथिली भाषी वक्ताका समस्याहरूको पहिचान गर्ने काम भएका छन् । यस शोधपत्रमा मैथिली भाषामा एक वचन र बहुवचनको क्रियामा लिङ्ग भेद पाइने वा वचनको व्यवस्था भिन्नता रहेको, कालमा नेपालीको भूतकालमा 'य' प्रत्यय लाग्ने जस्ता विशेषताहरू निर्क्यौल गरी निष्कर्ष निकालिएको छ ।

बुढा (२०६८), द्वारा सिँजाली भाषिका र स्तरीय नेपाली भाषाको व्याकरणात्मक कोटिका आधारमा तुलनात्मक अध्ययन गरिएको छ । उक्त अध्ययन सिँजाली भाषिका र स्तरीय नेपाली भाषा बिच भएका समानता र असमानता पहिल्याउने, सिँजाली भाषिकाका विशेषताहरू पहिल्याउने, सिँजाली भाषीले स्तरीय नेपाली भाषा सिक्दा गर्ने त्रुटिहरू पूर्वानुमान गर्ने उद्देश्यमा केन्द्रित छ । अध्ययन विधिका रूपमा प्राथमिक र द्वितीयक स्रोतको उल्लेख गरेको पाइएको छ । यस अध्ययनबाट सिँजाली भाषिकामा द्वितीय पुरुष र अपूर्ण पक्षमा आफ्नै मौलिक प्रत्ययको प्रयोग हुने, आदरको तिन तह हुने निष्कर्ष निकालिएको छ ।

पाण्डे (२०६८) द्वारा बाजुरा जिल्लाको कुण्डदरामा बोलिने भाषिक भेद र नेपाली भाषाको व्याकरणात्मक कोटिको तुलनात्मक अध्ययन गरिएको छ । कुण्डदरा भाषिक

भेदको परिचय दिँदै नेपाली भाषासँग व्याकरणात्मक कोटिका आधारमा तुलना गरी यस भाषिक भेदको विशेषता पहिल्याउने कामयस अध्ययनले गरेको छ । शोधकर्ता स्वयम् सम्बन्धित भाषिकाको वक्ता भएकाले आफैलाई सूचक मानी सङ्कलित आधारभूत शब्द वाक्य र उच्चारण व्यवस्थाको सत्यापनका लागि सम्बन्धित क्षेत्रका मूल वक्ताहरूसँग रूजु गरिएको छ । साथै प्रकाशित अप्रकाशित सामग्रीबाट तथ्य सङ्कलन गरिएको छ । यस अध्ययनबाट नेपाली भाषा र कुण्डदरामा बोलिने  भाषिक भेद बिच व्याकरणात्मक कोटिका आधारमा भिन्नता नरहेको र समान व्यवस्था रहेको निष्कर्ष प्रस्तुत गरिएको छ ।

धामी (२०६८) द्वारा दार्चुलेली भाषिका र नेपाली भाषाका व्याकरणात्मक कोटिहरूको व्यतिरेकी अध्ययन गरिएको छ । धामीले व्यतिरेकी विश्लेषणका सैद्धान्तिक आधारहरूको विश्लेषण गर्दै दार्चुलामा बोलिने नेपाली भाषाको स्थानीय भेदको परिचय दिने र त्यसको स्तरीय नेपाली भाषाको व्याकरणात्मक कोटिका आधारमा तुलनात्मक अध्ययन गर्ने उद्देश्य अनुसार यी भाषा बिचको समानता र भिन्नता निक्र्यौल गर्दै दार्चुलेली भाषिकाको विशेषता उक्त शोधपत्रमा उल्लेख गरेका छन् ।

तामाङ् (२०६८) द्वारा तामाङ मातृभाषी विद्यार्थीहरूले नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिहरूको अध्ययनगरिएको छ । उक्त अध्ययनमा तामाङ मातृभाषी विद्यार्थीहरूले नेपाली भाषा उच्चारणमा गर्ने त्रुटि पत्ता लगाई त्यसको वर्गीकरण तथा निराकरणका उपायहरू सुझाइएको छ । उक्त अध्ययनमा तामाङ भाषामा लिङग, वचन, पुरुष, आदरमा नेपाली भाषा भन्दा फरक नरहेको कुरा उल्लेख गरिएको छ ।

खड्का (२०६८) द्वारा गरिएको अर्घाखाँची जिल्लामा बोलिने स्थानीय भाषा र स्तरीय नेपाली भाषाको तुलनात्मक अध्ययनमा अर्घाखाँची जिल्लाको स्थानीय भाषिकाको सामान्य परिचय दिने, उक्त स्थानीय भाषिकाको ध्वन्यात्मक व्यवस्था प्रस्तुत गर्ने, उक्त स्थानीय भाषिकाको शब्द रूपायन प्रस्तुत गर्ने र स्तरीय नेपाली भाषा सिक्दा त्यस जिल्लाका विद्यार्थीहरूलाई आइपर्ने समस्याहरू पहिल्याउने उद्देश्यहरू रहेका छन् । अध्ययन विधिका रूपमा प्राथमिक स्रोत र द्वितीयक स्रोतको उल्लेख गरिएको छ । यस अध्ययनले अर्घाखाँची जिल्लामा बोलिने स्थानीय भाषामा केही मौलिक शब्दहरू, प्रत्ययहरूको प्रयोग हुने निष्कर्ष प्रस्तुत गरेको छ ।

पुन मगर (२०६९) को खाम भाषा र नेपाली भाषाका व्याकरणात्मक कोटिहरूको आधारमा व्यतिरेकी अध्ययनमा मगर जाति र मगर खाम भाषाको बारेमा सङ्क्षिप्त परिचय दिई नेपाली भाषाको सापेक्षतामा मगर खाम भाषाको विशेषताहरू पत्ता लगाउने, मगर खाम र नेपाली भाषाको व्याकरणिक कोटिहरूका आधारमा समानता र भिन्नताहरूको पहिचान गर्ने उद्देश्यमा केन्द्रित छ । रुकुम जिल्लाका तिन ओटा गाविसबाट १०/१० जना गरी ३० जना विभिन्न उमेर समूहका मगर भाषी वक्ताहरूलाई प्रतिनिधि नमुना छनोट गरी यस भाषाका व्याकरणात्मक कोटिहरू प्रयोग भएका वाक्यहरूनिर्माण गरी सत्यापन तथा प्रमाणीकरण गर्न सम्बन्धित व्यक्तिहरूसँग वर्णन विश्लेषण गरिएको छ । यसरी सम्पन्न गरिएको शोधकार्यले रुकम जिल्लामा बोलिने मगर भाषाको व्याकरणात्मक कोटि (लिङ्ग, वचन, पुरुष, कारक, काल, पक्ष, भाव) को आधारमा नेपाली भाषासँग व्यतिरेकी अध्ययन गरी  मगर भाषाको स्थिति, क्षेत्रीय भेद र विशेषताहरू देखाइएको छ । त्यसै गरी लिङ्ग, वचन, पुरुष, कारक, भाव, काल, करण) अकरणमा भिन्नता रहेको निष्कर्ष निकालिएको छ ।

पौडेल (२०६९) द्वारा मगर भाषा र नेपाली भाषाको व्याकरणात्मक कोटिको व्यतिरेकी अध्ययन गरिएको छ । यस अध्ययनले मगर भाषाका व्याकरणात्मक कोटिका विशेषताहरू पत्ता लगाउने, मगर र नेपाली भाषा बिचको व्याकरणिक कोटि सम्बन्धी व्यवस्थाको तुलना गरी समानता र असमानता पत्ता लगाउने, मगर मातृभाषी वक्ताले नेपाली भाषाको प्रयोग गर्दा गर्ने त्रुटि पहिल्याउने काम गरेको छ । प्रस्तुत शोध कार्यमा क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ भने प्रश्नावली, अन्तरवार्ता र पुस्तकालयीय अध्ययनबाट तथ्य सङ्कलन गरिएको छ । उक्त अध्ययनबाट लिङ्गगत आधारमा नेपाली भाषा र मगर भाषामा भिन्नता रहेको निष्कर्ष निकालिएको छ ।

बोखिम (२०६९) द्वारा ताप्लेजुङ जिल्लामा बोलिने लिम्बू भाषा र नेपाली भाषा व्याकरणात्मक कोटिको तुलनात्मक अध्ययन गरिएको छ । उक्त अध्ययनको मुख्य उद्देश्य लिम्बू जाति र भाषाको परिचय दिनु, व्याकरणात्मक कोटिका आधारमा व्यतिरेकी अध्ययन गर्नु, दुई भाषा बिच असमानता पहिचान गर्नु रहेको छ । यस अध्ययनमा पुस्तकालयीय अध्ययन विधि र तुलनात्मक अध्ययन विधिको प्रयोग गरी तथ्य सङ्कलन गरिएको उल्लेख गरिएको छ । लिङ्ग, आदर, भाववाच्य र कर्मवाच्यको व्यवस्था नभएको र वचन व्यवस्था तिन प्रकारका रहेको निष्कर्ष यस अध्ययनले प्रस्तुत गरेको  छ ।

बुढा (२०६९) द्वारा डोल्पाली भाषिका र स्तरीय नेपाली भाषाको व्यतिरेकी विश्लेषण गरिएको छ । यसमा डोल्पाली भाषिका र स्तरीय नेपाली भाषामा विशेषताको पहिचान र डोल्पाली भाषिका र स्तरीय नेपाली भाषाका व्यतिरेकी विश्लेषण गरी डोल्पाली भाषिकाका वक्ताहरूले स्तरीय नेपाली भाषाको प्रयोगमा गर्न सक्ने सम्भावित त्रुटिहरूमा सुझाव प्रदान गरिएको छ । उक्त अध्ययनबाट डोल्पाली भाषा केही मात्रामा पूर्वीय भाषिकाको खसानी उपभेदसँग पनि मेल खाने, व्याकरणिक व्यवस्थामा त्यति विभेद नरहेको, ध्वन्यात्मक र रूपात्मक प्रत्ययमा चयनगत विचलनले नेपाली भाषी र डोल्पाली भाषिका बिच सामान्य भेद पत्ता लगाइएको छ ।

खत्री (२०६९) द्वारा रामेछापका माझी भाषा र नेपाली भाषाका वाक्यतत्त्वको व्यतिरेकी अध्ययन गरिएको छ । उक्त अध्ययनमा कथ्य माझी र स्तरीय माझी भाषाका परिचय विशेषता र यिनीहरूको सम्बन्ध सहित लिङ्ग वचन, पुरुष, आदर र कालका आधारमा माझी र नेपाली भाषाको वाक्य गठनको व्यतिरेकी अध्ययन गरिएको छ । यस अध्ययनमा तथ्य संकलनका क्रममा प्राथमिक र गौण विधि अन्तर्गत पुस्तकालयीय विधि अपनाइएको उल्लेख छ । संरचनागत रूपमा नेपाली भाषा र माझी बिच एकरूपता पाइए पनि कर्ता क्रिया, विशेषण विशेष्य, भेदक भेद्य, लिङ्ग, वचन, पुरुष र आदरका आधारमा नेपाली भाषामा प्रभावित नहुने निष्कर्ष यस अध्ययनबाट प्रस्तुत गरिएको छ ।

अधिकारी (२०६९) द्वारा दनुवारी भाषा र नेपाली भाषाको व्याकरणात्मक कोटिको व्यतिरेकी अध्ययन भएको छ । दनुवारी भाषाको व्याकरणात्मक कोटिका विशेषताहरू पत्ता लगाउने, नेपाली भाषा र दनुवारी भाषाका बिच व्याकरणात्मक कोटिका आधारमा तुलनात्मक अध्ययन गर्ने, दनुवारी भाषी वक्ताले नेपाली भाषाको सिकाइमा गर्न सक्ने सम्भावित त्रुटि क्षेत्रहरू पहिल्याउने र दनुवारी भाषीलाई नेपाली भाषाको सिकाइमा आइपर्ने समस्याको समाधानका लागि आवश्यक सुझावरू दिने उद्देश्य यस अध्ययनको रहेको छ । सूचक छनोटका लागि यादृच्छिक नमुना छनोट विधिको प्रयोग गरिएको र पुस्तकालयीय अध्ययन विधिको पनि प्रयोग गरिएको उल्लेख गरिएको छ । व्याकरणात्मक कोटिहरू मध्ये आदर र पक्षका आधारमा दनुवारी भाषा नेपाली भाषा भन्दा भिन्न रहेको निष्कर्ष उक्त अध्ययनले प्रस्तुत गरेको छ ।

विष्ट (२०७१), द्वारा चिराली उप भाषिका र स्तरीय नेपाली भाषा बिच तुलनात्मक अध्ययन गरिएको छ । उक्त अध्ययनले बझाङी भाषिका अर्न्तगत चिराली उप भाषिकाको

स्वरूप प्रस्तुत गर्ने, वाक्यतत्व र विभक्तिको आधारमा चिराली उप भाषिकाको स्वरूप प्रस्तुत गर्ने, आधारभूत शब्द सङ्कलन गर्ने, चिराली उपभाषिका र स्तरीय नेपाली भाषाको तुलना गर्ने उद्देश्य राखेको छ । अध्ययन विधिका रूपमा पुस्तकालयीय पद्धति, वर्णनात्मक विधि र तुलनात्मक विधिको उल्लेख गरिएको छ । यस अध्ययनले चिराली उपभाषिका नेपाली भाषा भन्दा लिङ्ग व्यवस्था र आदर व्यवस्थाका आधारमा फरक रहेको निष्कर्ष प्रस्तुत गरेको छ ।

कँडेल (२०७१) द्वारा खसानी भाषिका र स्तरीय नेपाली भाषाको व्यतिरेकी अध्ययन गरिएको छ । यस अध्ययनमा खसानी भाषिकाको परिचय दिनु, खसानी र नेपाली भाषाका विशेषताहरू पहिल्याउनु र खसानी भाषिका र नेपाली भाषाका व्याकरणिक कोटि का आधारमा व्यतिरेकी विश्लेषण गर्नु जस्ता उद्देश्य रहेका छन् । अध्ययन विधिका रूपमा प्राथमिक र द्वितीयक स्रोतहरू उल्लेख गरिएका छन् । उक्त अध्ययनबाट खसानी भाषिकाको व्याकरण व्यवस्था नेपालीको भन्दा नरहेको तर मौलिक प्रत्ययहरूको प्रयोग हुने निष्कर्ष निकालिएको छ ।

खत्री (२०७२) द्वारा दनुवारी भाषा र नेपाली भाषा र नेपाली भाषाको वाक्यसङ्गतिको व्यतिरेकी अध्ययन गरिएको छ । उक्त अध्ययनका उद्देश्यहरू दनुवारी भाषा र नेपाली भाषाका वाक्यगठनको तुलना गर्नु, दनुवारी भाषीले नेपाली भाषाका वाक्यगठनमा गर्ने सम्भावित त्रुटि पहिल्याउनु र दनुवारी र नेपाली भाषाको वाक्यगठन सम्बन्धी विशेषता पहिल्याउनु रहेका छन् । वर्णनात्मक विधिको प्रयोग गरी अध्ययन कार्य अगाडि बढाइएको उल्लेख गरिएको छ । यस अध्ययनले आदर र पक्षका आधारमा नेपाली भाषामा भन्दा भिन्न प्रकियाबाट वाक्यगठन हुने निष्कर्ष निकालेको छ ।

रावल (२०७२) द्वारा चौधबिसे भाषिका र नेपाली भाषाको व्याकरणात्मक कोटिको तुलनात्मक अध्ययन भएको छ । उक्त अध्ययन चौधबिसे भाषिका र नेपाली भाषाका भाषिका स्वरूप र विशेषता पहिचान गर्ने र चौधबिसे भाषिकाका व्याकरणात्मक कोटिको तुलना गर्ने उद्देश्यमा केन्द्रित छ । प्राथमिक  स्रोत मूल वक्ताका रूपमा अध्येता स्वयम् लगायत अन्य मूल वक्ताबाट सामग्री सङ्कलन गरिएको र द्वितीयक स्रोतमा पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरिएको उल्लेख छ । चौधबिसे भाषिकामा विभक्ति चिन्ह चयनमा विविधता, मानवेतरमा लिङ्गभेद, मध्यम आदर मात्रको प्रयोग, मौलिक अव्यय, विस्मयादि, शब्दहरू रहेको निष्कर्ष यस अध्ययनद्वारा प्रस्तुत गरिएको छ ।

लिम्बू (२०७२) द्वारा लिम्बू भाषा र नेपाली भाषाको व्याकरणको तुलनात्मक अध्ययन अध्ययन भएको छ । लिम्बू भाषा र नेपाली भाषामा रहेका व्याकरण व्यवस्थाका समानता र असमानता, लिम्बूभाषी वक्तालाई स्तरीय नेपाली भाषाको सिकाइमा पर्ने कठिनाइमा केन्द्रित छ । प्राथमिक स्रोतका रूपमा मूल वक्ता र द्वितीयक स्रोतका रूपमा पूर्ववर्ती शोधपत्र तथा लिम्बू नेपाली शब्दकोशलाई प्रयोग गरिएको छ । लिङ्ग, वचन, पुरुष र आदर तहमा भिन्नता भएको निष्कर्ष उक्त शोधपत्रले निकालेको छ ।

नेपाली भाषाको माध्यमबाट यससँग सम्बन्धित अध्ययन न्यून रहेको छ भने अङ्ग्रेजी भाषामा गरिएको एउटा शोध कार्य जुन यस शोध कार्यसँग प्रत्यक्ष रूपमा सम्बन्धित रहेको छ र सैद्धान्तिक अवधारणा मिल्ने अन्य केही शोधपत्रको सङ्क्षिप्त चर्चा यहाँ गरिएको छ । व्याकरणात्मक कोटिका आधारमा तुलनात्मक अध्ययन प्रशस्त भएको पाइए पनि लोहोरुङ भाषासँग सम्बन्धित अध्ययन उपलब्ध छैनन् । तथापि प्रस्तुत अध्ययन पनि व्याकरणात्मक कोटिको तुलनात्मक अध्ययनसँग सम्बन्धित हुनाले यी शोधपत्र केही हदसम्म सहयोगी साबित भएका छन् ।

## २.२ सैद्धान्तिक अवधारणा

भाषिक अध्ययनमा भाषाविज्ञानबाट सैद्धान्तिक अवधारणा लिइन्छ । प्रस्तुत अध्ययनमा व्याकरणात्मक कोटिलाई आधार मानी दुई भाषाको तुलनात्मक अध्ययन गरिएको छ । त्यसैले यस अध्ययनको सैद्धान्तिक पृष्ठभूमि अन्तर्गत तुलनात्मक अध्ययन र व्याकरणात्मक कोटिहरू रहेका छन् । अध्ययनबाट प्राप्त नतिजाहरू प्रस्तुत गर्नु पूर्व तुलनात्मक भाषाविज्ञान र व्याकरणात्मक कोटिको सैद्धान्तिक अवधारणाको बारेमा यहाँ चर्चा गरिन्छ ।

### २.२.१ तुलनात्मक भाषाविज्ञान

भाषा तथा भाषिकाहरूको तुलना गर्नु तुलनात्मक अध्ययन हो । प्रायोगिक भाषाविज्ञानको विकासको पृष्ठभूमिमा संयुक्तराज्य अमेरिकाका विद्वान् फ्राइज (१९४५) ले सर्वप्रथम शैक्षणिक प्रयोजनका दृष्टिले भाषाको तुलनात्मक अध्ययनप्रति रुचि राखेका हुन् । उनले आफ्नो अध्ययनबाट दुई भाषाको तुलनाबाट प्राप्त सामग्री भाषा शिक्षणमा क्षेत्रमा उपयोगी हुने कुरा उल्लेख गरेपछि यस प्रति चासो बढ्न थालेको पाइन्छ । यस नवीन धारणालाई अघि बढाउने विद्वान्हरूमा बेन्रिख (१९४५) र ल्याडो (१९५७) रहेका छन् । यस

क्रममा ल्याडोले शिक्षार्थीका पहिलो भाषासँग असमानता राख्ने भाषा सिक्न सजिलो र समानता राख्ने भाषा सिक्न असहज हुने बताएका छन् । हाल भाषा शिक्षण प्रायोगिक भाषाविज्ञानको एक शाखाको रूपमा रहेको छ । तुलनात्मक अध्ययनमा दुई भाषा तथा भाषा र भाषिका बिचको संरचनात्मक समानता र भिन्नताहरूको विश्लेषण गरिन्छ । यसरी तुलनात्मक अध्ययनबाट समानता पहिल्याउने प्रक्रियालाई व्यतिरेकी विश्लेषण भनिन्छ ।

### २.२.२ व्याकरणात्मक कोटिहरू

कुनै आधार वा प्रकृतिलाई वाक्यमा प्रयोग गर्दा त्यसको कोशीय अर्थलाई कायम राख्दै त्यस आधार वा प्रकृतिलाई अर्को शब्द वा पदको एकाइसँग सम्बद्ध गराउने वर्गलाई रूपायनिक कोटि भनिन्छ । यिनै रूपायनिक कोटिलाई व्याकरणात्मक कोटि पनि भनिन्छ (न्यौपाने, भण्डारी, ...., २०६९: ९८) । यिनीहरूले कोशीय शब्दलाई वाक्यमा प्रयोगयोग्य बनाउँछन् ।

वक्ता र श्रोता बिचको अभिव्यक्ति र बोधलाई प्रयोजनीय बनाउन शब्दका अतिरिक्त रूप, रूपिम वा रूपायनात्मक प्रत्यय हुन्छन् जसले शब्दलाई पदका रूपमा प्रस्तुत गर्छन् । शब्दलाई वाक्यका घटकका रूपमा प्रतिफलित गर्ने यी प्रत्ययहरू व्याकरणात्मक कोटिका आधारमा निर्धारित हुन्छन् । वाक्यमा व्याकरणात्मक काम गर्ने गरी देखा परेका प्रत्ययहरूले लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव, वाच्य जनाउँछन् । भाषा विशेषमा विभिन्न किसिमले प्रयुक्त हुने यस्ता व्याकरणिक कोटिले अभिव्यक्तिलाई विशेषीकृत गर्दछन् ।

#### २.२.१.१ लिङ्ग

भाषिक रूप र सङ्गतिद्वारा लिङ्ग अभिव्यक्ति हुने भाषालाई व्याकरणिक लिङ्ग व्यवस्था भएको भाषाका रूपमा लिइन्छ भने जातीय लिङ्ग बोधक शब्दद्वारा भाषिक लिङ्गको बोध हुने भाषालाई प्राकृतिक लिङ्ग व्यवस्था भएको भाषा मानिन्छ (गौतम र चौलागाईं, २०६६: १८२) ।

#### २.२.१.२ वचन

नामिक तथा क्रियाको सङ्ख्या जनाउने व्याकरणिक कोटिलाई वचन भनिन्छ । त्यसैले यसको सम्बन्ध साङ्ख्येय नामसँग रहेको हुन्छ (अधिकारी, २०७१: ८९) । यो भाषा अनुसार भिन्नभिन्न किसिमले अभिव्यक्त भएको देखिन्छ (न्यौपाने, भण्डारी,...., २०६९:

९९) । भाषा अनुसार एकवचन, द्विवचन, त्रिवचन र बहुवचनसम्म रहेको देखिन्छ । वचनले नामिक पदको सङ्ख्यालाई जनाउँछ । यो नामसँग सम्बन्धित भए पनि सर्वनाम, विशेषण र क्रियामा पनि यसको भूमिका रहेको हन्छ ।

### २.२.१.३ पुरुष

वक्ता, स्रोता र संलग्न व्यक्तिहरूको भूमिकालाई पुरुष भनिन्छ । पुरुष सर्वनामसँग सम्बन्धित कोटि हो भने यसले भाषिक प्रयोगमा संलग्न सहभागीहरूको प्रकृतिलाई जनाउँछ (गौतम र चौलागाईं २०६६: १८५) । भाषिक प्रयोगमा सहभागीहरू मध्ये वक्तालाई प्रथम, श्रोतालाई द्वितीय र वक्ता वा श्रोताका अतिरिक्त व्यक्ति वा विषयलाई तृतीय पुरुष भनिन्छ । प्रथम पुरुष वक्ताका लागि आउने म र हामी ले प्रथम पुरुष जनाउँछन् । उक्त म र हामी को सन्दर्भमा अन्विति हुने विशेषण तथा भेदकहरू पनि लिङ्ग र वचन अनुरूप प्रयुक्त हुन्छन् (अधिकारी, २०७१: ९८) । द्वितीय पुरुषमा श्रोता वक्ताको विषय बन्छ । त्यसैले यसलाई श्रोता सन्दर्भ पनि भनिन्छ । वक्ता र श्रोता बाहेक तेस्रो व्यक्ति तृतीय पुरुष हुन्छ । न्यौपाने, भण्डारी र अन्यका अनुसार यो सर्वनाम र धातुमा अभिव्यक्त भएको देखिन्छ ।

### २.२.१.४ आदर

आदर सर्वनाम तथा क्रियासित सम्बन्धित व्याकरणात्मक धारा हो (गौतम, चौलागाईं, २०७१: १९५) । यसले व्यक्तिको प्रतिष्ठालाई सङ्केत गर्दछ (न्यौपाने, भण्डारी, न्यौपाने र घिमिरे, २०६९: १०१) । आदरले सामाजिक व्यवहारमा शिष्टता र सम्बोधनको तह निर्धारण गर्दछ । व्यक्तिको सामाजिक स्तर श्रेणी अनुसार आदरका विभिन्न तह स्थापित हुन्छन् जुन भाषा अनुरूप फरक फरक हुन सक्छन् ।

### २.२.१.५ काल

क्रियाको समयसँग सम्बन्धित रूपायनिक कोटिलाई काल भनिन्छ (न्यौपाने, भण्डारी, ..., २०६९:१०२) । काल क्रियाको सङ्केतक कोटि हो (अधिकारी, २०७१: १३०) । यो समयसँग सम्बद्ध हुन्छ । रूपद्वारा कालको बोध हुन्छ । काल कार्यव्यापार, घटना घटित भएको वा हुने समय विशेषलाई क्रियाका रूपहरूद्वारा जनाइन्छ । घटना घटित भइसकेको अवस्थालाई भूतकाल र घटना घट्न बाँकी रहेको अवस्थालाई अभूत काल भनिन्छ ।

अधिकारीका अनुसार वर्तमान काल भन्नाले भूत र भविष्यत वा अभूत बिचको शून्यविन्दु हो ।

### २.२.१.६ पक्ष

गौतम र चौलागाईंका अनुसार पक्ष क्रियाको कार्यको पूर्णता, अपूर्णता र निरन्तरता आदि अवस्थालाई सङ्केत गर्ने व्याकरणिक धारा हो । यसरी क्रियाकोपूर्णता, अपूर्णता आदि विशेष कुरालाई बुझाएर कालसँग भिन्नता राख्ने भएकाले पक्षलाई विशेष काल पनि भनिएको पाइन्छ । अपूर्ण पक्षले कार्यको अपूर्णता वा निरन्तरता जनाउने हुन्छ । पूर्ण पक्षले कार्य सम्पन्न भएको जनाउँछ । अपूर्ण र पूर्ण पक्ष एक भन्दा बढि कालिक परिवेशमा आउँछन् । कार्यको आवृत्ति वा अभ्यस्त स्वभाव जनाउने पक्षलाई अभ्यस्त भनिन्छ । कार्य सम्पन्न भइसकेको तथ्य पछि मात्र थाहा भएको अवस्था जनाउने पक्ष अज्ञात पक्ष हो (अधिकारी, २०७१: १३६) । पक्षले कालका विभिन्न अवस्थालाई व्यक्त गर्दछ ।

### २.२.१.७ भाव

क्रियाद्वारा वक्ताको मनोभाव बुझाउने व्याकरणात्मक कोटिलाई भाव भनिन्छ । वक्ताको मनोभाव अनुरूप कुनै काम गर्नका लागि आज्ञा, आदेश वा अनुरोधका रूपमा प्रकट भएमा त्यो क्रियापद आज्ञार्थक हुन्छ । आज्ञार्थक क्रियापद द्वितीय पुरुषमा मात्र हुन्छ । इच्छा, अनुमति, आशीर्वाद, उपदेश, बिन्ती, प्रार्थना आदि भावलाई व्यक्त गर्ने क्रियापद इच्छार्थक हुन्छ । यसमा आज्ञार्थक भन्दा कमजोर रूपको आदेश हुन्छ (अधिकारी: २०७१) । गौतम र चौलागाईं (२०७०) का अनुसार प्रश्नवाचक चिन्ह प्रयोग गरी वक्ताको मनसाय व्यक्त हुने प्रश्नार्थलाई भावका रूपमा उल्लेख गरेका छन् । सम्भावनार्थले निश्चित नभइसकेको कुराको पूर्वानुमान गर्ने कार्य मात्र गर्दछ । सङ्केतार्थले पूर्वक्रियामा घटित घटनाको कारणबाट पछिल्ला क्रियाको कार्यको सङ्केत गर्दछ ।

### २.२.१.८ वाच्य

वाक्यमा कर्ता, कर्म वा भाव (क्रिया) भध्ये कुनै एकलाई प्रधान मान्ने व्याकरणात्मक युक्तिलाई वाच्य भनिन्छ । यो मुख्यतः क्रियासित सम्बन्धित भएर व्यक्त हुन्छ (अधिकारी, २०७१: १८२) । वाक्यमा कर्ता, कर्म र भावलाई मुख्य आधार मानेर क्रियापदको रूपायन हुने प्रक्रिया वाच्य हो । सबै भाषामा यसको प्रयोग नहुन पनि सक्छ ।

## अध्याय तिन

## अध्ययन विधि र प्रक्रिया

### ३.१.अध्ययनको ढाँचा

अनुसन्धान कार्यको योजना निर्माण गरिरहँदा विधि र प्रक्रियाको उल्लेख गर्न अर्को महत्त्वपूर्ण कार्य हो । अनुसन्धान कार्यलाई चरणबद्ध र व्यवस्थित रूपमा सम्पन्न गर्नका लागि विधि र प्रक्रिया पूर्वनिर्धारित हुनु पर्दछ जसले गर्दा शोधार्थीलाई औपचारिक रूपमा अध्ययन कार्य सुरु गरी सिलसिलेवार ढङ्गबाट अगाडि बढ्न मार्ग निर्देश प्राप्त हुन्छ ।

प्रस्तुत शोधमा पुस्तकालयीय अध्ययनबाट तथ्य सङ्कलन गरिएको छ । साथै क्षेत्रीय अध्ययन विधिको पनि प्रयोग गरिएको छ । लोहोरुङ राईहरूको मातृभाषासँग सम्बन्धित अध्ययन हुनाले लोहोरुङ राईहरूको अधिक बसोबास भएको सङ्खुवासभा जिल्लामा त्यहाँका मूल वक्ताहरूसँग साक्षात्कार गरिएको छ । यसका लागि प्रश्नावलीहरू, अन्तरवार्ता जस्ता साधनको प्रयोग र अवलोकन गरिएको छ ।

अध्ययन कार्यमा तथ्यका स्रोतको पहिचान, जनसङ्ख्या, नमुना छनोट, तथ्य सङ्कलन प्रक्रिया र व्याख्या विश्लेषण कार्यहरू अध्ययन प्रक्रिया अन्तर्गत पर्दछन् । प्रस्तुत अध्ययन निम्नानुसार चरणबद्ध रूपमा अगाडि बढाइएको छः

### ३.२. जनसङ्ख्या

लोहोरुङ राईहरूको बसोबास विस्तार भई तराइका विभिन्न जिल्लासम्म पुगे पनि लोहोरुङ मातृभाषी वक्ताहरूको बाहुल्य भएको स्थान सङ्खुवासभा जिल्ला हो । त्यसैले सङ्खुवासभा जिल्लामा बसोबास गर्ने सम्पूर्ण लोहोरुङभाषी वक्ताहरूलाई जनसङ्ख्याका रूपमा लिइएको छ ।

### ३.३ नमुना छनोट

अध्येता सम्बन्धित भाषाको वक्ता भएकाले स्वयम् एक सूचकको रूपमा रहेको छ । अन्य नमुना खाँदवारी नगरपालिका वडा न. १, ३ र ४ बाट १०/१० जना गरी जम्मा ३० जनालाई छनोट गरिन्छ । यीमध्ये ६ जना शिक्षित, ६ जना साक्षर र अन्य १८ जना ६० वर्ष भन्दा माथिका वृद्धवृद्धाहरूलाई लिइएको छ ।

## ३.४ तथ्य सङ्कलन प्रक्रिया

व्याकरणात्मक कोटिहरू (लिङ्ग, वचन, पुरुष आदि) व्यक्ति भएका वाक्यहरू नेपाली भाषाबाट लोहोरुङ भाषामा रूपान्तरण गर्ने प्रश्नावली निर्माण गरिएको छ। त्यसपछि छनोट गरिएका प्रतिनिधिहरूलाई सम्पर्क गरी ती प्रश्नावली वितरण गरिएको छ । साक्षर व्यक्तिहरूद्वारा लिखित र असाक्षर व्यक्तिहरूबाट मौखिक सामग्री सङ्कलन गरिएको छ । अन्य स्रोतबाट प्राप्त सामग्रीलाई मूल वक्ताहरूसँग रुजु गरिएको छ।

## ३.५ व्याख्या विश्लेषण

अध्ययन कार्यबाट प्राप्त तथ्यहरूलाई लोहोरुङ भाषाको व्याकरणात्मक कोटिको व्यवस्था र व्याकरणात्मक कोटिका आधारमा नेपाली भाषा र लोहोरुङ भाषाको तुलना शीर्षक दिई व्याख्या विश्लेषण र टिप्पणी गरिएको छ । यस क्रममा माथिका स्रोत र साधनको प्रयोग गरी सङ्कलित तथ्यलाई उद्देश्यमा केन्द्रित भई व्याख्या गरिएको छ।

# अध्याय चार

# लोहोरुङ भाषाको व्याकरणात्मक व्यवस्था

यस अध्यायमा लोहोरुङ भाषाको व्याकरण व्यवस्था प्रस्तुत गरिएको छ । यस भाषा सम्बन्धी पुस्तक र पर्याप्त अध्ययनको अभावमा अध्येता लगायत सूचकहरूबाट प्राप्त सामग्रीलाई मूल वक्तासँगको छलफलबाट व्याकरण व्यवस्थाको पहिचान गर्ने प्रयास गरिएको छ । यहाँ लोहोरुङ भाषाको व्याकरणात्मक कोटिका बारेमा संक्षिप्त चर्चा गरिन्छ :

## ४.१ लोहोरुङ भाषाको लिङ्ग व्यवस्था

किराँती भाषाहरूको पृथकताको आधार प्रायः गरेर लिङ्गका आधारमा देखा पर्दछ । लोहोरुङ भाषामा प्रत्यय र सङ्गतिको अभाव हुँदा व्याकरणिक लिङ्ग व्यवस्था पाइँदैन अतः जातीय लिङ्गबोधक शब्दद्वारा भाषिक लिङ्गलाई सङ्केत गरिन्छ ।

### ४.१.१ लिङ्गका आधारमा नाम

लोहोरुङ भाषामा व्याकरणिक लिङ्गका आधारमा पदसङ्गति नहुने भएकाले प्राकृतिक लिङ्ग व्यवस्था रहेको छ । त्यसैले स्त्रीलिङ्ग र पुलिङ्ग जनाउने जातीय लिङ्गबोधक नामको प्रयोग भएको पाइन्छ । यिनीहरूकै प्रयोगबाट लोहोरुङ भाषा लिङ्गीय भेद व्यक्त गरिन्छ । लोहोरुङ भाषामा प्रयोग हुने जातीय लिङ्गबोधक शब्दहरू यस प्रकार छन्:

तालिका १

लोहोरुङ भाषामा लिङ्गबोधक नाम

| पुलिङ्गी शब्द | स्त्रीलिङ्गी शब्द |
|---|---|
| टुबा (बुढो हजुरबुवा) | टुमा (बुढी हजुरआमा) |
| पाप्पा (हजुरबुवा) | मा(?)मा (हजुरआमा) |
| आप्पा (बुवा) | आमा |
| बाब्बाङ (काका) | सिमा (काकी) |
| कोयङ (मामा) | आङ्डी (माइजू) |
| देप्पा (ठूलोबुवा) | देमा (ठूली आमा) |
| किब्बु (भिनाजु) | नाना (दिदि) |
| बुबु (दाजु) | कि(?)ना (भाउजू) |
| येस्सा (भतिज) | येस्सामा (भतिजी) |
| माक्सा (ज्वाइँ) | नाम्मी (बुहारी) |
| नाम्पा (ससुरा) | नाम्मा (सासू) |

माथिको तालिकामा लोहोरुङ भाषामा लिङ्गबोधक नामहरू रहेका छन् । यहाँ सबै सम्बन्ध जनाउने शब्दहरू रहेका छन् । कतिपय अवस्थामा केही शब्दहरूले पुलिङ्गी तथा स्त्रीलिङ्गी दुबै भमिका निर्वाह गर्छन् । जस्तैः नुसा (भाइ/बहिनी), लाङ्काम (केटा साथी/केटी साथी), पासा (छोरा/छोरी) र याङमिन (नाति/नातिनी) । त्यसैले नेपाली भाषा र लोहोरुङ भाषा दुबै जातीय प्राकृतिक लिङ्ग व्यवस्थाका आधारमा समान छन् भने व्याकरणिक लिङ्ग व्यवस्था नभएकाले नेपाली भाषा भन्दा लोहोरुङ भाषा भिन्न रहेको छ ।

### ४.१.२ लिङ्गका आधारमा विशेषण

लोहोरुङ भाषामा लिङ्गका आधारमा विशेषणको रूपायन हुने प्रकिया रहेको छ । मानव मात्रसँग सम्बन्धित विशेषणहरू पुरुष र स्त्रीका लागि भिन्न भिन्न रूपमा प्रयोग गरिन्छन् तर मानवेत्तर प्राणी तथा वस्तुसँग सम्बन्धित विशेषणको लिङ्गका आधारमा रूपायन हुँदैन, जसलाई तलको तालिकामा प्रस्तुत गरिन्छः

तालिका २

लोहोरुङ भाषामा लिङ्गबोधक विशेषण

| | पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|---|
| मानवीय | ठाप्पा/पासिङ (बूढो) | ठा(?)मा/मासिङ्मा (बुढी) |
| | एट्टुबाङ (अल्छी) | एट्टुमिक (अल्छीनी, अल्छी केटी) |
| | चासुम्टाङ्पा (धनी) | चासुम्टाङ्मा (धनी आइमाइ) |
| | चेन्टुबाङ (बाठो) | चेन्टुमिक (बाठी) |
| मानवेत्तर | माइए (कालो) | माइए (काली) |
| | काइसे (नराम्रो) | काइसे (नराम्री) |
| | सेरेप्पा (कान्छा) | सेरे(?)मा (कान्छी) |

दिइएको तालिकाका अनुसार लोहोरुङ भाषामा विशेषणमा लिङ्ग भेद पाइन्छ । यो मानवीय गुणसँग मात्र सम्बन्धित छ भने मानवेतर गुणसँग पनि आउने विशेषणहरूमा लिङ्ग भेद पाइँदैन । ठाप्पा/पासिङ देखि चेन्टुबाङ (बाठो) सम्म मानवसँग मात्र सम्बन्धित गुण जनाउने विशेषणमा लिङ्गभेद पाइन्छ । यसर्थ यस भाषामा निर्जीव वस्तु र मानवेतर प्राणी यी कुनैमा पनि लिङ्गबोधक शब्द पाइँदैनन् ।

## ४.२ लोहोरुङ भाषाको वचन व्यवस्था

विभिन्न भाषामा वचन व्यवस्था फरक फरक पाइन्छ । कतिपय अवस्थामा एकवचन, द्विवचन, त्रिवचन सम्म पाइन्छ । लोहोरुङ भाषामा एकवचन, द्विवचन, बहुवचन सम्म पाइन्छ । तर सबै ठाउँमा वचनका यी तिन रूपहरू पाइँदैनन् । खास परिस्थितिमा मात्रै द्विवचनको प्रयोग भएको पाइन्छ ।

### ४.२.१ नाममा वचन

कुनै वस्तु वा धारणा जनाउने शब्दलाई नाम भनिन्छ । नामको सङ्ख्यासँग सम्बन्धित व्याकरणात्मक कोटिलाई वचन भनिन्छ । गन्ती गर्न सकिने अथवा एकभन्दा बढि जनाउनका लागि बहुवचन लिन सक्ने नामहरू सङ्ख्येय हुन्छन् (अधिकारी, २०७१: ८९) । लोहोरुङ भाषामा मानव तथा मानवेतर अन्तर्गत सजीव वस्तु मात्रै साङ्ख्येय हुन्छन् । सबै साङ्खेय नामहरूको बहुवचन हुँदैन । मानव र मानवेतर सजीव साङ्खेय नामहरूको मात्र

वचन परिवर्तन हुन्छ । लोहोरुङ भाषामा नामको वचन व्यवस्थालाई तलको तालिकामा प्रस्तुत गरिन्छ ।

तालिका ३

लोहोरुङ भाषामा नाममा वचन

| | **एकवचन** | बहुवचन |
|---|---|---|
| **सजीव** | लाङ्काम (साथी) | लाङ्कामची (साथीहरू) |
| | पासिङ (बुज्रुक) | पासिङची ( बुज्रुकहरू) |
| | पुभाङ (बाँदर) | पुभाङची (बाँदरहरू) |
| | साँवा (भैँसी) | साँवाची (भैँसीहरू) |
| **निर्जीव** | खिम (घर) | खिम (घर) |
| | लिङ्को?वा | लिङ्को?वा |

यस तालिकका अनुसार लोहोरुङ भाषामा सजीव प्राणीमा एकवचन र बहुवचन मात्रै छन् भने यिनीहरूमा बहुवचन बोधक प्रत्यय 'ची' को संयोजन द्वारा वचन परिवर्तन भएको छ । तर निर्जीव वस्तुहरूको वचनमा भने कुनै परिवर्तन भएको छैन ।

### ४.२.२ सर्वनाममा वचन

सर्वनामलाई नामिक पद अन्तर्गत राखिन्छ । सर्वनामले नामले जस्तो प्रत्यक्षतः खास वस्तु, व्यक्ति वा धारणा जनाउँदैन । खास धारणाको सङ्केत मात्र गर्दछ (अधिकारी, २०७१: २९) । सर्वनामका पनि विभिन्न प्रकार हुन्छन् । लोहोरुङ भाषामा पुरुषवाचक र दर्शकवाचक सर्वनामको दुई प्रकारको रहेका छन् ।

### ४.२.१.१ पुरुष वाचक सर्वनाम

कथनमा वक्ता, स्रोता र कथ्य विषयको सन्दर्भ जनाउने सर्वनामलाई पुरुष वाचक भनिन्छ । लोहोरुङ भाषामा प्रथम पुरुष र द्वितीय पुरुषमा वचनको पाइन्छ भने तृतीय पुरुषमा एकवचन र बहुवचन मात्र पाइन्छ । पुरुषवाचक सर्वनामको व्यवस्था तलको तालिकामा प्रस्तुत गरिन्छ ।

तालिका ४

लोहोरुङ भाषामासर्वनाममा वचन

| | एकवचन | द्विवचन | बहुवचन |
|---|---|---|---|
| **प्रथम पुरुष** | का (म) | काचीगा (हामी दुई) | काङ्का (हामी) |
| **द्वितीय पुरुष** | आना (तिमी) | आन्चीना (तिमी दुई) | आन्ना (तिमीहरू) |
| **तृतीय पुरुष** | खो (उ) | | खोची (तिमीहरू) |

दिइएको तालिकामा लोहोरुङ भाषामा पुरुष वाचक सर्वनामको प्रथम पुरुष द्विवचनमा 'चीगा' प्रत्यय र बहुवचनमा 'ङ्का', द्वितीय पुरुष द्विवचनमा 'न्चीना' प्रत्यय र बहुवचनमा 'न्' ध्वनि मध्यसर्ग संयोजन भएको छ । तर तृतीय पुरुषमा भने द्विवचन हुँदैन र बहुवचनमा 'ची' परसर्गको संयोजन भएको छ । यसरी यस भाषामा प्रथम पुरुष र द्वितीय पुरुषमा एकवचन, द्विवचन र बहुवचनको रूप आएको छ भने तृतीय पुरुषमा भने एकवचन र बहुवचनको रूप आएको छ ।

### ४.२.१.२ दर्शक

लोहोरुङ भाषामा निकटवर्ती र दूरवर्ती गरी दुई प्रकारका दर्शक रहेका छन् । यस प्रकारको सर्वनाममा इगो (यो) र अक्को (त्यो) मात्र रहेका छन् । यिनीहरूको बहुवचन रूपमा क्रमशः इघाची (यिनीहरू) र आक्खाची (तिनीहरू) हुन्छ । मानवेतर वस्तुहरूका लागि भने 'इघा' र 'आक्खा' को मात्रै प्रयोग हुन्छ ।

तालिका ५

लोहोरुङ भाषामा दर्शकवाचक सर्वनाममा वचन

| | एकवचन | द्विवचन | बहुवचन |
|---|---|---|---|
| **निकटवर्ती** | इगो टाआ<br>(यो आयो) । | इघाची टाआची<br>(यिनीहरू दुई जना आए) । | इघाची टाआमी<br>(यिनीहरू आए) । |
| **दूरवर्ती** | अक्को खारा<br>(त्यो गयो) । | आक्खाची टाआची<br>(तिनीहरू दुई जना आए) । | आक्खाची टाआमी<br>(तिनीहरू आए) । |

सम्बन्धित तालिकाका अनुसार लोहोरुङ भाषामा दर्शकवाचक सर्वनाममा एकवचन र बहुवचन मात्रै भए पनि क्रियामा भने द्विवचनको पनि व्यवस्था पाइन्छ । निकटवर्ती सर्वनाम 'इगो' र दूरवर्ती 'अक्को' को वचन परिवर्तन भई 'इघाची' र 'आक्खाची' भएको छ

भने क्रियामा द्विवचन र बहुवचन भएर जनाउनका लागि क्रमशः 'ची' र 'मी' रूपको समायोजन भएको छ ।

### ४.२.३ विशेषणमा वचन

अधिकारीका अनुसार विशेषणले नाम पद तथा नामिक पदको वर्णन गर्छ अथवा नामलाई शीर्ष बनाएर यसको अर्थलाई स्पष्ट गर्ने, विस्तार गर्ने, सीमित गर्ने वा विशिष्ट बनाउने काम गर्छ । लोहोरुङ भाषामा विशेषणको वचन परिवर्तन द्विवचनमा बहुवचनमा हुन्छ । विशेषण पदको रूपायन बहुवचनमा मात्र हुन्छ भने द्विवचन र बहुवचनमा विशेषणको पदको रूपायन नभई विशेषण पदावली स्तरमा मात्र परिवर्तन देखा पर्छ । लोहोरुङ भाषाको वचन व्यवस्था तल प्रस्तुत गरिन्छ ।

तालिका ६

लोहोरुङ भाषामा विशेषणमा वचन

| | **एकवचन** | **द्विवचन** | **बहुवचन** |
|---|---|---|---|
| **पद** | काम्नुए | | काम्नुहा |
| **पदावली** | काम्नुक् (राम्रो छ) | काम्नुक्ची (दुई जना राम्रा छन्) | काम्नक्मी (राम्रा छन्) |
| **पद** | हार्रापे | | हार्रापा (राता) |
| **पदावली** | हार्रापे लेक् (रातो छ) | हार्रापाहा लेक्ची (दुई जना राता छन्) | हार्रापाहा लेक्मी (राता छन्) |

यस तालिकाका अनुसार लोहोरुङ भाषामा विशेषणमा एकवचन, द्विवचन र बहुवचन रूपायित हुन्छ भन्न सकिन्छ । विशेषणको वचन परिवर्तन हुँदा 'हा' प्रत्यय सहित विशेषण पदको रूपायन  हुन्छ । विशेषणको वचनका आधारमा क्रियामा  परिवर्तन हुने प्रक्रिया भने सजीव प्राणीसँग सम्बन्धित विशेषणमा मात्र हुन्छ । यस प्रक्रियामा विशेषण पदावलीमा 'ची' प्रत्ययद्वारा द्विवचन र 'मी' प्रत्ययद्वारा बहुवचन व्यक्त भएको छ । यी प्रत्ययको समायोजन 'कम्नुमा' (राम्रो हुनु) क्रियामा र 'हार्रामा' का साथमा आएको सहायक क्रिया 'लेःक' (छ) मा समायोजन भई वचन परिवर्तन भएको छ । विशेषणको वचनका आधारमा क्रियाको रूपायन हुने प्रक्रिया चाहिँ निर्जीव वस्तुमा पाइँदैन । जस्तै :

खिम हार्रापा लेक । (घर रातो छ /घरहरू राता छन् । )

यसर्थ निर्जीव वस्तुसँग सम्बन्धित विशेषणको वचन परिवर्तन हुँदा विशेषणमा मात्र 'हा' को समायोजन हुन्छ ।

### ४.२.४ क्रियामा वचन

लोहोरुङ भाषामा वचनका आधारमा क्रियाको रूपायन हुन्छ । यसरी रूपायन हुँदा वाक्यात्मक कार्यमा कर्ता र कर्मको वचनका आधारमा क्रियाको रूप द्विवचन र बहुवचनमा परिवर्तन हुन्छ ।

#### ४.२.४.१ कर्ताका आधारमा क्रियामा वचन

लोहोरुङ भाषामा कर्ताको वचनका आधारमा क्रियाको रूपायन हुने प्रक्रियालाई तलको तालिकामा प्रस्तुत गरिन्छः

तालिका ७

लोहोरुङ भाषामा कर्ता अनुसार क्रियामा वचन

| **एकवचन** | **द्विवचन** | **बहुवचन** |
|---|---|---|
| का खे?ङा (म जान्छु) | काचिगा खेक्चिगा (हामी दुई जना जान्छौँ) | काङ्का खेकिङ्का (हामी जान्छौँ) |
| आना खेक्ना (तिमी जान्छौ) | आन्चिना खाराचे (तिमीहरू दुई जना जान्छौ) | आन्ना खाराने (तिमीहरू जान्छौ) |
| खो खेक (उ जान्छ) | खोची खाराची (तिनीहरू दुई जना जान्छन् ) | खोची खारामी (उनीहरू जान्छन्) |

प्रस्तुत तालिकाका अनुसार प्रथम पुरुष 'का' (एकवचन), 'काचिगा' (द्विवचन) र 'काङ्का' (बहुवचन) का साथमा क्रमशः 'खेक्' (जा) धातुमा 'ङा', 'चिगा' र 'किङ्का' प्रत्यय लागेको छ । द्वितीय पुरुष 'आना' (एकवचन), 'अन्चिना' (द्विवचन) र 'चिना' बहुवचनमा क्रमशः खेक् धातुमा 'ना', 'चे' र 'ने' लागी क्रियाको रूपायन भएको छ । तृतीय पुरुष 'खो' (एकवचन), 'खोची' (द्विवचन) र 'खोची' (बहुवचन) मध्ये एकवचनमा कुनै पनि प्रत्यय बिना नै 'खेक' धातुले क्रियाको भूमिका निर्वाह गरेको छ भने द्विवचनमा 'ची' र बहुवचनमा 'मी'

प्रत्यय लागेको छ । यहाँ तृतीय पुरुष द्विवचन र बहुवचनमा एउटै रूप 'खोची' रहन्छ भने चनको जानकारी कियाको रूपद्वारा स्पष्ट हुन्छ ।

### ४.२.४.२ कर्मका आधारमा कियामा वचन

लोहोरुङ भाषामा वाक्यात्मक कार्यमा कर्मको बहुवचनको आधारमा पनि कियाको रूप परिवर्तन हुन्छ ।

तालिका ८

लोहोरुङ भाषामा कर्म अनुसार कियामा वचन

| **एकवचन** | **बहुवचन** |
|---|---|
| नुसा साप्मा चिन्कुङ् (भाइलाई लेख्न सिकाउँछु) । | नुसाची साप्मा चिन्कुङची (भाइरूलाई लेख्न सिकाउँछु) । |
| लाङ्काम सेरू (साथीलाई बोलायो) । | लाङ्कामची सेरुची (साथीहरूलाई बोलायो) । |

माथिको उदाहरणमा कर्म का एकवचन रूपहरू 'नुसा' र 'लाङ्काम' मा 'ची' प्रत्यय लागी वचन परिवर्तन भएको छ । कमको वचन परिवर्तन हुँदा त्यसै अनुरूप कियामा पनि 'ची' प्रत्यय संयोजित भई  रूपायन भएको छ, जसद्वारा बहुवचन व्यक्त हुन्छ ।

## ४.३. लोहोरुङ भाषाको पुरुष व्यवस्था

लोहोरुङ भाषामा पनि ३ प्रकारका पुरुषहरू छन्: प्रथम पुरुष, द्वितीय पुरुष र तृतीय पुरुष, जसका आधारमा कियाको रूपायन हुन्छ । यिनीहरूमा प्रथम पुरुष र द्वितीय पुरुषमा एकवचन, द्विवचन र बहुवचन गरी ३ वटा रहेका छन् भने तृतीय पुरुषमा एकवचन र बहुवचन गरी ३ वटा मात्र रहेका छन् जसका बारेमा यहाँ चर्चा गरिन्छ ।

### ४.३.१ प्रथम पुरुष

लोहोरुङ भाषामा प्रथम पुरुषको वचनको आधारमा कियाको रूपायन हुन्छ । प्रथम पुरुष ३ वटा रहेका छन् ।

तालिका ९

लोहोरुङ भाषामा प्रथम पुरुष

| सर्वनाम | क्रियाको प्रयोग |
|---|---|
| का / काङा (म) | का पेन्ङा /पेनु(?)ङा (बस्छु) |
| काचिगा (हामी दुइ जना) | काचिगा पेन्चिगा/पेनुक्चिगा (बस्छौं) |
| काङ्का (हामी) | काङ्का पेन्किङका/पेनुकिङ्का (बस्छौँ) |

माथिको तालिकामा 'का'/'काङा' (म) कर्ताका साथमा 'पेन्'/'पेनुक्' (बस) धातुमा 'ङा', 'काचिगा' (हामी दुइ जना) कर्ताका साथमा धातुमा 'चिगा' र 'काङ्का' (हामी) कर्ताका साथमा धातुमा किङ्का प्रत्यय संयोजित भएको छ ।

### ४.३.२ द्वितीय पुरुष

लोहोरुङ भाषामा सर्वनाममा एक मात्र आदरको तह आना (तिमी) हुनाले यसकै आधारमा क्रियाको रूपायन हुन्छ । वचनका हिसाबले द्वितीय पुरुष ३ वटा रहेका छन् ।

तालिका १०

लोहोरुङ भाषामा द्वितीय पुरुष

| सर्वनाम | क्रियाको प्रयोग |
|---|---|
| आना (तँ, तिमी, तपाईं) | आना पेने (बस्छस, बस्छौ, बस्नुहोस...) |
| आन्चिना (तिमी दुई) | आन्चिना पेन्चिना/पेनुक्चिना (बस्छौ) |
| आन्ना (तिमीहरू) | आन्ना पेन्कानी/पेनुकानी (बस्छौ) |

दिइएको तालिकाका अनुसार लोहोरुङ भाषामा द्वितीय पुरुष 'आना' (तँ, तिमी..) साथमा 'पेने' (बस्छस, बस्छौ, बस्नुहोस...) क्रियाको रूप आएको छ । 'आन्चिना' का साथमा धातुमा 'चिना' र 'आन्ना' सँग 'पेन्' धातुमा 'कानी' प्रत्यय समायोजित भई क्रियाको रूपायन भएको छ ।

### ४.३.३ तृतीय पुरुष

लोहोरुङ भाषामा तृतीय पुरुष २ वटा रहेका छन् । यसको आधारमा क्रियाको वचन आधारमा रूपायन प्रक्रिया तलको तालिकामा प्रस्तुत गरिन्छ ।

तालिका ११

लोहोरुङ भाषामा तृतीय पुरुष

| सर्वनाम | कियाको प्रयोग |
|---|---|
| खो (उ) आक्को (त्यो) | खो  पेनु(क्) (बस्छ) । |
| खोची (उनीहरू) | खोची पेनुक्मी (बस्छन्) । |

यस तालिकाका अनुसार तृतीय पुरुष एकवचन 'खो' अनुरूप कियाको रूप 'पेनुक' (बस्छ) भएको छ भने बहुवचन 'खोची' अनुरूप कियाको रूप 'पेनुक्मी' (बस्छन्) भएको छ । यसरी लोहोरुङ भाषामा पुरुष संकेतक रूपहरू:

प्रथम पुरुषः  का (म),काङ्का (हामी)

द्वितीय पुरुषः आना (तँ, तिमी, तपाई....)

तृतीय पुरुषः खो (उ), आक्को (त्यो)

यद्यपि लोहोरुङ भाषामा द्वितीय पुरुषका लागि सर्वनामको मात्र प्रयोग नभई आदरार्थी सम्बन्धहरूमा आदरार्थी सम्बोधन गरिन्छ । जस्तैः

बुवा (तपाई) बस्नुहोस (आप्पा आना पेने) ।

## ४.४. लोहोरुङ भाषाको आदर व्यवस्था

लोहोरुङ भाषामा आदर व्यक्त गर्नका लागि आदरणीय व्यक्तिलाई सम्बोधन गरिन्छ भने सर्वनाम ऐच्छिक हुन्छ । आजभोलि यो प्रचलन लोप हुँदै गएको छ । तसर्थ कियामा रूपायन नभई आदर व्यक्त गर्ने प्रकियाबारे यहाँ चर्चा गरिन्छः

तालिका १२

लोहोरुङ भाषामा आदर

| अनादरार्थी | आदरार्थी |
|---|---|
| आना डाबे (तँ आइज) । | नाना आना डाबे (दिदि तपाईं आउनुहोस) । |
| आना खे(क्)ना (तँ जा/तिमी जान्छौ) । | आप्पा आना खे(क्)ना (बुवा तपाईं जानुहुन्छ) । |

माथिको तालिकाका अनुसार अनादरार्थी सम्बोधन भएको उदाहरणमा अनादरार्थी वाक्य बन्छ भने आदरार्थी वाक्यमा आदरार्थी सम्बन्धको सम्बोधन आवश्यक पर्दछ । जस्तैः

ऐच्छिक 'आना' को साथमा प्रयुक्त आदरणीय शब्द 'नाना' (दिदि) र 'आप्पा' (बुवा) अनिवार्य छन् । तर क्रियामा आदरार्थी तथा अनादरार्थी दुबैमा क्रियाको समान रूप आएको छ ।

आदर व्यक्त गर्नका लागि क्रियामा 'पि?मा' सहायक क्रियाको संयोजन गरी प्रयोग गर्ने प्रचलन पनि रहेको छ । जस्तैः

आना साप्मारा साबे तिमी कविता लेख) ।

बुवा कविता लेख्नुहोस/लेखिदिनुहोस (आप्पा साब्पिमा यो) ।

## ४.५.लोहोरुङ भाषाको काल व्यवस्था

लोहोरुङ भाषामा भूत र अभूत कालका आधारमा क्रियाको रूपायन हुन्छ ।

तालिका १३

लोहोरुङ भाषामा काल

| **अभूत काल** | **भूत काल** |
|---|---|
| पढालि? (पढ्छ)। | पढालिसा (पढ्यो) । |
| साम इखुवा ले:? ( गीत गाउँछ) । | साम इसा (गीत गायो) । |
| थाप्नाम वाइ?(वन डुल्छ) । | वाइसा (वन डुल्यो) । |

प्रस्तुत तालिकामा अभूतकालमा धातुले क्रियाको भूमिका निर्वाह गरेको छ भने भूतकालमा बद्ध रूपले भूतकाल व्यक्त गरेको छ । लोहोरुङ भाषामा धातुमा अभूत काल व्यक्त गर्ने सामर्थ्य हुन्छ भने भूतकाल व्यक्त गर्नका लागि धातुमा 'सा' आएको छ ।

## ४.६.लोहोरुङ भाषाको पक्ष व्यवस्था

लोहोरुङ भाषामा हाल अपूर्ण, पूर्ण, अज्ञात र अभ्यस्त गरी ४ प्रकारका पक्ष बोलचालमा रहेको पाइएको छ । तिनीहरूका बारेमा यहाँ चर्चा गरिन्छ ।

### ४.६.१ अपूर्ण पक्ष

लोहोरुङ भाषामा यो वर्तमान तथा भूत काल दुबैमा परिवेशमा आउँछ । 'पाइमा' सहायक क्रियाको आगमबाट अपूर्ण पक्षहरू व्यक्त हुन्छन् ।

तालिका १४

लोहोरुङ भाषामा अपूर्ण पक्ष

| अभूत/वर्तमान काल | भूत काल |
|---|---|
| साप्मे पाइक (लेख्दैछ) | साप्मे पाइता |
| खे?मे पाइक (जाँदैछ) | खे?मे पाइता |

यस तालिकाका अनुसार वर्तमान कालको अपूर्ण पक्षमा 'सा(प्)' धातुमा 'म' का साथमा 'पाइमा' सहायक क्रियाको वर्तमान कालिक रूप 'पाइक' र भूत कालको अपूर्ण पक्षका लागि धातमा 'मे' का साथमा सोही सहायक क्रियाको भूतकालिक रूप 'पाइता' को समायोजन भई क्रियाको रूपायन भएको छ ।

### ४.६.२ पूर्ण पक्ष

पूर्ण पक्ष पनि लोहोरुङ भाषामा वर्तमान र भूत काल दुबै परिवेशमा आउँछ । भूतकालमा पूर्ण पक्ष व्यक्त गर्नका लागि 'लेक्' सहायक क्रियाको भूतकालिक रूपको आगम हुन्छ । यसर्थ पूर्ण पक्ष व्यक्त गर्नका लागि सहायक क्रियाको आगम भई त्यसैको रूपायनद्वारा अभूत र भूतकालिक पक्ष व्यक्त हुन्छ ।

तालिका १५

लोहोरुङ भाषामा पूर्ण पक्ष

| अभूत/वर्तमान काल | भूत काल |
|---|---|
| सा:ब्डा (लेखेको छ) | साप्मिम्पा लेता (लेखेको थियो) |
| खे:डा (गएको छ) | खाइमिम्पा लेता (गएको थियो) |

प्रस्तुत तालिकाका अनुसार पूर्ण वर्तमानमा धातुमा 'डा' र पूर्ण भूतमा धातुमा 'मिम्पा' रूपका साथमा 'लेक्' सहायक क्रियाको भूतकालिक रूप 'लेता' सहित पूर्ण पक्ष व्यक्त भएको छ ।

### ४.६.३ अभ्यस्त पक्ष

लोहोरुङ भाषामा वर्तमान कालमा अभ्यस्त स्वभाव जनाउनका लागि कुनै रूपको आगमन हुँदैन भने भूत कालमा 'युङ्सा' रूपले अभ्यस्त पक्ष व्यक्त गर्दछ । जस्तै:

साब्युङ्सा (लेख्थ्यो), खे?युङ्सा (जान्थ्यो) ।

### ४.६.४ अज्ञात पक्ष

लोहोरुङ भाषामा अज्ञात पक्ष जनाउने विशेष रूप नभएको पाइयो तर नेपाली भाषाको सामिप्यताका कारण यसको 'रहेछ' को लोहोरुङ (अपभ्रंश) रूप 'रोच्छो' को प्रयोगद्वारा अज्ञात पक्ष व्यक्त गर्ने प्रचलन बढेको पाइएको छ । जस्तैः

चाउए रोच्छो (खाएछ) ।

इसुए रोच्छो (भनेछ) ।

यी उदाहरणहरूमा 'चामा' र 'इमा' क्रियामा 'उए' र 'सुए' रूपको संयोजन भएको छ ।

## ४.७. लोहोरुङ भाषाको भाव

लोहोरुङ भाषामा भाव व्यक्त गर्नका लागि धातु वा क्रियामा रूपायक प्रत्यय समायोजित गरी सामान्यर्थ, विध्यर्थ (आज्ञार्थ र इच्छार्थ), सम्भावनार्थ र पश्नार्थ अभिव्यक्त हुन्छ ।

### ४.७.१ सामान्यर्थ

वक्ताको सामान्य मनोभाव अभिव्यक्त गर्ने क्रियापद सामान्यर्थ हुन्छ । यस बाहेक यस्ता वाक्यले विशेष भाव नजनाई सामान्य भाव वा अवधारणा मात्र व्यक्त गर्दछन् । लोहोरुङ भाषामा सामान्यर्थ यस प्रकार छन्:

खो खिम्पी खारा (ऊ घर गयो) ।

का हाटा खेः?ङा ( म बजार जान्छु) ।

लाङ्काम टाःक् (साथी आउँछ) ।

### ४.७.२ आज्ञार्थ

लोहोरुङ भाषामा आज्ञार्थक वाक्य यस प्रकार छन्:

नुसा चाम चाए (भाइ खाना खाउ) ।

आना खिम्पी टाए (तिमी घर आउ) ।

माथिका उदाहरणहरूमा आज्ञार्थ व्यक्त गर्नका लागि 'चाः(क्)' र 'टाः(क्)' धातुमा 'ए' प्रत्यय संयोजित भई रूपायन भएको छ ।

## ४.७.३ इच्छार्थ

लोहोरुङ भाषामा इच्छार्थक वाक्य यस प्रकार छन्:

खो नुरो खे?लो (उ राम्ररी जाओस) ।

आइ वारी टाः रो (आज पानी परोस) ।

दिइएका उदाहरणमा धातुमा 'ओ' प्रत्ययको प्रयोगद्वारा इच्छार्थ व्यक्त भएको छ ।

## ४.७.४ प्रश्नार्थ

लोहोरुङमा भने धातुमा 'ए' प्रत्यय संयोजित भई प्रश्नार्थ व्यक्त हुने व्यवस्था रहेको छ । जस्तैः

खे(क्)+ए= खेए? (जान्छ?)

से(क्)+ए=सेए? (बोलाउँछ?)

माथिको उदाहरणमा प्रश्नार्थ जनाउनका लागि धातुमा 'ए' प्रत्यय र प्रश्नवाचक चिन्हको प्रयोग भएको छ ।

## ४.७.५ सङ्केतार्थ

लोहोरुङ भाषामा सङ्केतार्थ जनाउनका लागि 'गो' चिह्नको प्रयोग गरिन्छ । जस्तैः

सेरिङ गो टाः?ङा (बोलाए आउँछु) ।

वारि टाः(क्) गो लम्फु हिलो लि(क्) (पानी परे बाटो हिलो हुन्छ) ।

भाव वा अर्थहरूको प्रयोग गरिन्छ ।

## ४.७.६ सम्भावनार्थ

सम्भावनार्थको व्यवस्था नभएको अवस्थामा नेपालीको भाषा सामीप्यतामा सम्भावनार्थ बनाउने क्रममा नेपाली भाषाको 'होला' शब्दको सापटीबाट सम्भावनार्थको काम चलाउन थालिएको छ । जस्तैः

वारी टाः(क्) होला (पानी पर्ला) ।

दुरु होह्ले(क्) होला (दुध पोखिएला) ।

## ४.८ लोहोरुङ भाषाको वाच्य

लोहोरुङ भाषामा कर्ताप्रधान वाक्यको मात्र प्रयोग पाइएको छ । यसमा एक मात्र वाच्य को प्रयोग हुने भएकाले वाच्यान्तरण प्रक्रियाको अभाव रहेको छ अर्थात् कर्ताप्रधान वाच्यको मात्र प्रयोग गरिन्छ । त्यसैले यस अध्यायमा वाच्यका सम्बन्धमा थप व्याख्या गरिएको छैन ।

# अध्याय-पाँच

## लोहोरुङ र नेपाली भाषाको व्याकरणात्मक कोटिको तुलना

लोहोरुङ भाषा र नेपाली भाषा विषम पारिवारिक भाषा हुन् । भोट चिनियाँ भाषा परिवार अन्तर्गतको लोहोरुङ भाषा र भारोपेली भाषापरिवार अन्तर्गतको नेपाली भाषा बिच वैशिष्ट्यगत भिन्नता पाइन्छन् । यस अध्यायमा व्याकरणात्मक कोटि लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव, वाच्यका आधारमा यी दुई भाषाका समानता तथा भिन्नताहरू केलाइन्छ ।

## ५.१ लिङ्गका आधारमा लोहोरुङ र नेपाली भाषाको तुलना

नेपाली भाषा र लोहोरुङ भाषाका बिच लिङ्गका आधारमा विभिन्न पद तथा पदावलीमा पृथकता देखिन्छ । नेपाली र लोहोरुङ भाषामा नाम, विशेषण, सर्वनाम र क्रियाको प्रयोगलाई निम्न उपशीर्षकमा प्रस्तुत गरिन्छ :

### ५.१.१ लिङ्गका आधारमा नामको तुलना

नेपाली भाषामा प्राकृतिक तथा व्याकरणात्मक दुबै लिङ्ग व्यवस्था रहेको छ भने लोहोरुङ भाषामा व्याकरणत्मक लिङ्ग व्यवस्थापाइँदैन । तसर्थ नेपाली भाषा र लोहोरुङ भाषामा रहेको जातीय लिङ्ग व्यवस्थाको तुलना तलको तालिकामा प्रस्तुत गरिन्छः

तालिका १६

लिङ्गका आधारमा लोहोरुङ र नेपाली भाषामा नामको प्रयोग

| | **लोहोरुङ** | **नेपाली** |
|---|---|---|
| **पुलिङ्ग** | बुवा | आप्पा |
| | दाजु | बुबु |
| | काका | बाब्बाङ |
| **स्त्रीलिङ्ग** | आमा | आमा |
| | नाना | दिदि |
| | सिमा | काकी |

यस तालिकामा नेपाली भाषा र लोहोरुङ भाषा दुबैका जातीय लिङ्गबोधक नामहरू रहेका छन् ।

### ५.१.२ लिङ्गका आधारमा विशेषणको तुलना

नेपाली भाषामा लिङ्गका आधारमा विशेषणको रूपायन हुन्छ भने लोहोरुङ भाषामा सबै विशेषणको लिङ्गका आधारमा रूपायन हुँदैन । लोहोरुङ भाषामा विशेषणको रूपायन हुनका लागि मानवीय गुणसँग मात्र सम्बन्धित विशेषण हुनुपर्दछ । मानवेतर जीव तथा वस्तुको गुणसँग सम्बन्धित विशेषणको लिङ्गका आधारमा रूपायन हुँदैन ।यो प्रक्रिया लोहोरुङ भाषामा पनि पाइन्छ ।

तालिका १७

लिङ्गका आधारमा लोहोरुङ र नेपाली भाषामा विशेषणको प्रयोग

| **लिङ्ग** | | **लोहोरुङ** | **नेपाली** |
|---|---|---|---|
| **स्त्रीलिङ्ग** | **मानवीय** | इच्छुमा | छुच्ची |
| | | सेरे?मा | कान्छी |
| | **मानवेतर** | माइए मे?नुङ्मा । | काली आइमाइ । |
| | | बिए हु?वाम्मा । | सेती कुकुर्नी । |
| **पुलिङ्ग** | **मानवीय** | इच्छुबा | छुच्चा |
| | | सेरेप्पा | कान्छा |
| | **मानवेतर** | माइए वाठङपा । | कालो मान्छे । |
| | | बिए हु?वा । | सेतो कुकुर । |

माथिको तालिकाका अनुसार नेपाली भाषामा बिशेषणमा ‘ई’ ध्वनिको आगमबाट स्त्रीलिङ्गी विशेषणको रूपायन भएको छ भने लोहोरुङ भाषामा ‘मा’ प्रत्ययले स्त्रीलिङगी र ‘बा’ प्रत्ययले पुलिङगी विशेषणको बोध गराएको छ । र नेपाली र लोहोरुङ भाषा दुबैमा विशेषणमा लिङग भेद पाइन्छ । तर नेपाली भाषामा मानवेतर प्राणीसँग सम्बन्धित विशेषणमा लिङ्गका अधारमा विशेषणमा रूपायन नहुने हुँदा नेपाली भाषा र लोहोरुङ भाषामा लिङ्गका आधारमा भिन्नता रहेको देखिन्छ ।

### ५.१.३ लिङ्गका आधारमा क्रियाको तुलना

नेपाली भाषामा लिङ्गका आधारमा क्रियाको रूपायन हुन्छ । लोहोरुङ भाषामा लिङ्गका आधारमा क्रियामा विचलन आउँदैन । अर्थात् स्त्री तथा पुरुष दुबैमा क्रियाको एउटै रूपको प्रयोग गरिन्छ ।

तालिका १८

लिङ्गका आधारमा नेपाली र लोहोरुङ भाषामा क्रियाको प्रयोग

| **लिङ्ग** | | **लोहोरुङ** | **नेपाली** |
|---|---|---|---|
| **स्त्रीलिङ्ग** | **मानवीय** | नुसा टाआ । | बहिनी आई । |
| | | मे(अ)नुङमा टाआ । | आइमाइ आइ । |
| | **मानवेतर** | गाइ कासा । | गाइ करायो । |
| **पुलिङ्ग** | **मानवीय** | नुसा टाआ । | भाइ आयो । |
| | | वाठाङपा टाआ । | लोग्नेमान्छे आयो । |
| | **मानवेतर** | गोरु कासा । | गोरु करायो । |

दिइएको तालिकामा लिङगका आधारमा मानवीय तथा मानवेतर प्राणी कर्ता भएको अवस्थामा प्रयोग हुने क्रियाका रूपहरूलाई प्रस्तुत गरिएको छ । लोहोरुङ भाषामा कर्ता मानवीय, मानवेतर, स्त्रीलिङ्ग अथवा पुलिङ्ग कुनै पनि कर्ताका आधारमा क्रियामा कुनै रूपायन भएको छैन । तर नेपाली भाषामा लिङ्गका आधारमा रूपायन हुन्छ । मानवेतर प्राणीमा भने नेपाली र लोहोरुङ दुबै भाषामा पनि लिङ्ग भेद पाइँदैन ।

यसरी हेर्दा लिङ्गका आधारमा नेपाली भाषाको सापेक्षतामा लोहोरुङ भाषाको तुलना गर्दा दुबै भाषामा समान प्राकृतिक लिङ्ग व्यवस्था रहेको पाइन्छ । दुबै भाषामा विशेषणमा लिङ्गभेद र मानवेतर प्राणी कर्ता भएको अवस्थामा दुबैमा लिङ्गको आधारमा क्रियाको रूपायन भएको हुँदैन ।

नेपाली भाषामा पाइने व्याकरणात्मक लिङ्ग व्यवस्था लोहोरुङमा पाइँदैन भने लिङ्गका आधारमा मानवेतर प्राणीसँग सम्बन्धित विशेषण र क्रियाको रूपायन हुने प्रक्रिया पनि लोहोरुङ भाषामा पाइँदैन । नभएको आधारमा यिनीहरू असमान छन् ।

## ५.२.वचनका आधारमा लोहोरुङ र नेपाली भाषाको तुलना

नेपाली भाषाको वचन व्यवस्थामा एकवचन र बहुवचन मात्रै भएकोमा अवस्थामा लोहोरुङमा भने एकवचन, द्विवचन र बहुवचनसम्म रहेको पाइन्छ । यहाँ वचनका आधारमा सर्वनाम, नाम, विशेषण, क्रियाको तुलना गरिन्छ ।

### ५.२.१ वचनका आधारमानामको तुलना

नेपाली भाषामा बहुवचन अभिव्यक्त गर्नका लागि नामसँग 'हरू' को संयोजन हुन्छ । सो स्थानमा लोहोरुङ भाषामा 'ची' प्रत्ययको संयोजन हुन्छ ।

तालिका १९

वचनका आधारमा लोहोरुङ र नेपाली भाषामा नामको प्रयोग

| | लोहोरुङ | नेपाली |
|---|---|---|
| एकवचन | लाङ्काम खारा । | साथी गयो । |
| | पुबाङ् टाआ । | बाँदर आयो । |
| द्विवचन | लाङ्कामची खाराची । | (दुई जना) साथीहरू गए । |
| | पुबाङ्ची टाआची । | (दुईटा) बाँदरहरू आए । |
| बहुवचन | लाङकामची खारामी । | साथीहरू गए । |
| | पुबाँङ्ची टाआमी | बाँदरहरूआए । |

दिइएको तालिकाका अनुसार नाममा नेपाली भाषामा जस्तै लोहोरुङमा पनि एकवचन र बहुवचनको व्यवस्था पाइन्छ । लोहोरुङ भाषा र नेपाली भाषा दुबैमा लिङ्गका कारण नाममा रूपायक प्रत्ययहरू कमशः 'ची' र 'हरू' को संयोजन भएको छ । नेपाली भाषामा दुई वा दुई भन्दा बढि हुँदा कियामा छन् सहायक कियाको संयोजन हुन्छ । नेपाली भाषामा भन्दा फरक लोहोरुङ भाषामा पाइएको द्विवचनमा कर्ता दुई जना भएको तथ्य कियामा 'ची' प्रत्यय र कर्ता तिन वा तिनभन्दा वढि भएको तथ्य कियामा 'मी' प्रत्ययले सङ्केत गरिन्छ ।

### ५.२.२ वचनका आधारमा सर्वनामको तुलना

लोहोरुङ भाषामा पुरुषवाचक सर्वनाम र दर्शकवाचक सर्वनाम गरी दुई प्रकारका सर्वनाम रहेका छन् । यिनीहरूमा वचनका आधारमा कियाको रूपायन हुन्छ ।

### ५२.२.१ पुरुषवाचक सर्वनाम

नेपाली भाषा र लोहोरुङ भाषा दुबैमा वचनका आधारमा पुरुषवाचक सर्वनाम र सर्वनामसँग आउने कियामा परिवर्तन आउँछ ।

**(क) प्रथम पुरुषमा वचन**

नेपाली भाषामा २ वटा र लोहोरुङ भाषामा एकवचन, द्विवचन र बहुवचन गरी ३ वटा प्रथम पुरुष रहेका छन्: 'का' (म), 'काचिगा' (हामी दुइ जना) र 'काङका' (हामी) ।

तालिका २०

वचनका आधारमा लोहोरुङ र नेपाली भाषामा प्रथम पुरुषको प्रयोग

| | **लोहोरुङ** | **नेपाली** |
|---|---|---|
| **एकवचन** | का चाम चाः?ङा । | म भात खान्छु । |
| **द्विवचन** | काचीगा चाम चाःचिगा । | हामी (दुई जना) भात खान्छौँ । |
| **बहुवचन** | काङ्का चाम चाकिङका । | हामी भात खान्छौँ । |

प्रस्तुत तालिकाका अनुसार नेपाली भाषाको सर्वनामको वचन परिवर्तन हुँदा 'म' बाट 'हामी' भएको छ भने लोहारुङ भाषामा 'का' बाट 'काचिगा' द्विवचन र 'काङका' बहुवचन भएको छ । प्रथम पुरुष सर्वनामसँग आउने कियापदहरूका आधारमा लोहोरुङ भाषा र नेपाली भाषाको तुलना गर्दा लोहोरुङ भाषामा एकवचन, द्विवचन र बहुवचन अनुरूपधातुमा कमशः 'ङा', 'चिगा' र 'किङ्का' प्रत्यय संयोजित भएका छन् भने नेपाली भाषामा एकवचन र बहुवचन अनुरूप धातुमा कमशः 'छु' र 'छौँ' प्रत्यय संयोजित भएका छन् ।

**(ख) द्वितीय पुरुष वचन**

नेपाली भाषामा द्वितीय पुरुष २ वटा र लोहोरुङ भाषामा ३ वटा रहेका छन् ।

तालिका २१

वचनका आधारमा लोहोरुङ र नेपाली भाषामा द्वितीय पुरुषको प्रयोग

| | **लोहोरुङ** | **नेपाली** |
|---|---|---|
| **एकवचन** | आना चाम चाः?ना । | तिमी भात खान्छौ । |
| **द्विवचन** | आन्चीना चाम चा(?)चिना । | तिमीहरू दुई जना भात खान्छौ । |
| **बहुवचन** | आन्ना चाम चाकानी । | तिमीहरू भात खान्छौ । |

सम्बन्धित तालिकाका अनुसार द्वितीय पुरुष सर्वनामसँग आउने कियापदहरूका आधारमा लोहोरुङ भाषा र नेपाली भाषाको तुलना गर्दा लोहोरुङ भाषामा सर्वनामको वचन परिवर्तन हुँदा 'आना' एकवचनबाट 'आन्चिना' द्विवचन र 'आन्ना' बहुवचनमा रूपान्तरित

भएको छ । एकवचन, द्विवचन र बहुवचन अनुरूप धातुमा क्रमशः 'ना', 'चिना' र 'कानी' प्रत्यय संयोजित भएका छन् भने नेपाली भाषामा एकवचन र बहुवचन दुबैमा धातुमा 'छौ' प्रत्यय संयोजित भएको छ ।

**(ग) तृतीय पुरुष वचन**

नेपाली र लोहोरुङ दुबै भाषामा तृतीय पुरुष दुई वटा रहेका छन् ।

तालिका २२

वचनका आधारमा लोहोरुङ र नेपाली भाषामा तृतीय पुरुषको प्रयोग

| | **लोहोरुङ** | **नेपाली** |
|---|---|---|
| **एकवचन** | खो चाम चाः? । | ऊ भात खान्छ । |
| **द्विवचन** | खोची चाम चाः?ची । | उनीहरू दुई जना भात खान्छन् । |
| **बहुवचन** | खोची चाम चाः?मी । | उनीहरू भात खान्छन् । |

यस तालिकाका अनुसार तृतीय पुरुष सर्वनामसँग आउने क्रियापदहरूका आधारमा लोहोरुङ भाषा र नेपाली भाषाको तुलना गर्दा लोहोरुङ भाषामा एकवचन धातुमा प्रत्यय बिना नै क्रियाको रूपमा आएको छ भने द्विवचन र बहुवचन अनुरूप धातुमा क्रमशः 'ची' र 'मी' प्रत्यय संयोजित भएका छन् भने नेपाली भाषामा एकवचन र बहुवचनमा धातुमा क्रमशः 'छ' र 'छन्' प्रत्यय संयोजित भएका छन् ।

### ५.२.२.२ दर्शक वाचक सर्वनाम

नेपाली भाषा र लोहोरुङ भाषा दुबैमा दर्शकवाचक सर्वनामको एकवचन र बहुवचन रूप मात्रै पाइन्छ भने वचन अनुरूप क्रियापदको रूपायन हुन्छ ।

तालिका नं. २३

वचनका आधारमा लोहोरुङ र नेपाली भाषामा दर्शकवाचक सर्वनामका प्रयोग

| | **लोहोरुङ** | **नेपाली** |
|---|---|---|
| **एकवचन** | अक्को चाम चाः? । | त्यो भात खान्छ । |
| **द्विवचन** | आक्खाची चाम चाः?ची । | तिनीहरू दुई जना भात खान्छन् । |
| **बहुवचन** | आक्खाची चाम चाः?मी । | तिनीहरू भात खान्छन् । |

यस तालिकाका अनुसार नेपाली भाषामा वचनका आधारमा सर्वनाम 'त्यो' एकवचन र 'तिनीहरू' बहुवचन रहेका छन् भने लोहोरुङ भाषामा 'अक्को' एकवचन र 'आक्खाची' बहुवचन रहेका छन् । लोहोरङ भाषामा धातुमा क्रमशः 'ची' र 'मी' प्रत्यय संयोजित भई द्विवचन र बहुवचनमा व्यक्त भएको छ । त्यस्तै नेपाली भाषामा एकवचन र बहुवचनका लागि धातुमा 'छ' र 'छन्' प्रत्यय संयोजित भएका छन् ।'यिनीहरू' र 'तिनीहरू' जस्ता शब्दहरूका लोहोरुङ भाषामा 'इघा' र 'आक्खा' का साथमा 'ची' पनि जोडिन्छ । जस्तैः अक्को, आक्खाची ।

### ५.२.३ वचनका आधारमा विशेषणको तुलना

नेपाली भाषामा जस्तै लोहोरुङ भाषामा पनि वचनका आधारमा विशेषणमा रूपायन हुन्छ ।

तालिका २४

वचनका आधारमा लोहोरुङ र नेपाली भाषामा विशेषणको प्रयोग

| | **लोहोरुङ** | **नेपाली** |
|---|---|---|
| **एकवचन** | हारार्पे खिम | रातो घर |
| **बहुवचन** | हार्रापाहा खिम | राता घरहरू |
| **एकवचन** | काम्नुए बुङ | राम्रो फूल |
| **बहुवचन** | काम्नुहा बुङ | राम्रा फूलहरू |

माथिको तालिकामा नेपाली भाषामा एकवचन विशेषणको अन्तमा आउने 'ओकार' 'आकार'मा रूपायित भएको छ भने लोहोरुङ भाषामा 'हा' बहुवचन रूपको संयोजन भएको छ, जस अनुसार लोहोरुङमा नयाँ रूप 'हा' को आगम भएको छ ।

### ५.२.४ वचनका आधारमा क्रियाको तुलना

नेपाली लोहोरुङ दुबै भाषामा वचनका आधारमा क्रियाको रूपायन हुन्छ । तथापि लोहोरुङ भाषामा एकवचन र बहुवचनका साथै द्विवचन पनि हुने भएकाले यिनीहरुमा केही भिन्नता रहेको छ, जसलाई तालिकामा प्रस्तुत गरिन्छः

तालिका २५

वचनका आधारमा लोहोरुङ र नेपाली भाषामा क्रियाको प्रयोग

| | **लोहोरुङ** | **नेपाली** |
|---|---|---|
| **एकवचन** | खो चाम चाः? । | ऊ भात खान्छ । |
| **द्विवचन** | खोची चाम चाः?ची । | उनीहरू (दुई जना) भात खान्छन् । |
| **बहुवचन** | खोची चाम चाः?मी । | उनीहरू भात खान्छन् । |

प्रस्तुत तालिकाका अनुसार नेपाली भाषामा बहुवचन (नेपाली भाषामा द्विवचन नहुने भएकाले) का लागि क्रियामा 'छन्' सहायक क्रियाको प्रयोग भएको छ । लोहोरुङ भाषामा द्विवचनमा 'ची' र बहुवचनमा 'मी' प्रत्ययको समायोजन भएको छ ।

वचनका आधारमा लोहोरुङ भाषा र नेपाली भाषाको तुलना गर्दा समग्रमा दुबै भाषामा बहुवचन व्यक्त गर्नका लागि एउटै मात्र रूप नेपालीमा 'हरू' र लोहोरुङमा त्यसको सट्टा 'ची' को प्रयोग गरिन्छ । यी रूपहरू नाम तथा सर्वनामको बहुवचन व्यक्त गर्नका लागि प्रयोग गरिन्छन् । विशेषणको तुलना गर्दा यी दुबै भाषामा विशेषणको रूपायन एकवचन र बहुवचनमा मात्र भएको पाइएको छ ।

वचनका आधारमा यी दुई भाषाबिच समानता भन्दा धेरै असमानता नै पाइन्छन् । नेपाली भाषामा एकवचन र बहुवचन मात्रै भएकोमा लोहोरुङ भाषामा एकवचन, दुईवचन र बहुवचन पाइन्छ । यसै कारण वचनका आधारमा यी दुई भाषा बिच नाम, सर्वनाम, र क्रियाको तुलना गर्दा सबैमा एकवचन, दुईवचन र बहुवचनका रूपहरू पाइएका छन् । नेपाली भाषामा नाममा 'ची' ले एकवचन र 'मी' ले बहुवचन जनाउँछन् भने नेपालीमा 'यी' दुबैको भूमिका 'हरू' ले निर्वाह गरेको हुन्छ । दर्शकवाचक सर्वनाममा एकवचन 'अक्को' र द्विवचन र बहुवचनमा 'आक्खा' मा क्रमशः 'ची' र 'मी' प्रत्यय जोडिएर आएका छन् जहाँ नेपालीमा एकवचन 'त्यो' र बहुवचन 'तिनीहरू' को मात्र प्रयोग हुन्छ । नेपालीमा विशेषणको बहुवचन हुँदा ओकार आकारमा परिणत हुन्छ भने लोहोरुङमा 'ए' रूपको सट्टा 'हा' को आगम हुन्छ ।

## ५.३. पुरुषका आधारमा लोहोरुङ र नेपाली भाषाको तुलना

नेपाली भाषामा प्रथम पुरुष, द्वितीय पुरुष र तृतीय पुरुष रहेका छन् भने लोहोरुङ भाषामा पनि यही व्यवस्था रहेको पाइन्छ । लोहोरुङ भाषामा पनि नेपाली भाषामा जस्तै पुरुष अनुरूप क्रियाको रूपायन हुन्छ ।

### ५.३.१ प्रथम पुरुष

नेपाली र लोहोरुङ भाषामा प्रथम पुरुष अनुरूप क्रियाको रूपायन हुन्छ । नेपालीमा 'म' र 'हामी' र लोहोरुङ भाषामा 'का', 'काचिगा' र 'काङका' प्रथम पुरुषका चिन्हहरू हुन् र यिनीहरूकै आधारमा क्रियाको रूपायन हुन्छ ।

तालिका २६

प्रथम पुरुषका आधारमा लोहोरुङ र नेपाली भाषामा क्रियाको प्रयोग

| **लोहोरुङ** | **नेपाली** |
|---|---|
| का रोपा डगु?ङा । | म खेत खान्छु । |
| काचिगा रोपा डगुक्चिगा । | हामी दुई जना खेत खन्छौं । |
| काङ्का रोपा डगुकिङ्का । | हामी खेत खान्छौं । |

यस तालिकाका अनुसार लोहोरुङ भाषामा प्रथम पुरुष एकवचन धातुमा 'ङा', द्विवचनमा 'चिगा' र बहुवचनमा किङ्का प्रत्यय संयोजित भएका छन् भने नेपाली भाषामा एकवचनमा 'छु' र 'छौं' संयोजित भएका छन् ।

### ५.३.२ द्वितीय पुरुष

लोहोरुङ भाषामा द्वितीय पुरुष अनुरूप क्रियाको प्रयोग अवस्था यसप्रकार रहेको छः

तालिका २७

द्वितीय पुरुषको आधारमा लोहोरुङ र नेपाली भाषामा क्रियाको प्रयोग

| **लोहोरुङ** | **नेपाली** |
|---|---|
| आना रोपा डगु?ना । | तँ खेत खन्छस् । |
| आन्चिना रोपा डगुक्चिना । | तिमीहरू (दुई जना) खेत खन्छौ । |
| आन्ना रोपा डगुकानी । | तिमीहरू खेत खन्छौ । |

माथिको तालिकाका अनुसार लोहोरुङ भाषामा द्वितीय पुरुष एकवचनमा धातुमा ‘उ?ना’ बहुवचनमा ‘कानी’ प्रत्यय र नेपाली भाषामा द्वितीय पुरुष एकवचनमा धातुमा ‘छस्’ र बहुवचनमा ‘छौ’ प्रत्यय संयोजित भएका छन् ।

### ५.३.३ तृतीय पुरुष

लोहोरुङ भाषामा द्वितीय पुरुष अनुरूप कियाको प्रयोग अवस्था यसप्रकार रहेको छः

तालिका २८

तृतीय पुरुषका आधारमा लोहोरुङ र नेपाली भाषामा कियाको प्रयोग

| लोहोरुङ | नेपाली |
|---|---|
| खो रोपा डगुक् । | ऊ खेत खन्छ । |
| खोची रोपा डगुक्ची । | तिनीहरू (दुई) जना खेत खन्छन् । |
| खोची रोपा डगु?मी । | उनीहरू खेत खन्छन् । |

दिइएको तालिकाका अनुसार लोहोरुङ भाषामा तृतीय पुरुष एकवचनमा धातुमा ‘उक्’ बहुवचनमा ‘उ?मी’ प्रत्यय र नेपाली भाषामा द्वितीय पुरुष एकवचनमा धातुमा ‘छ’ र बहुवचनमा ‘छन्’ प्रत्यय संयोजित भएका छन् ।

नेपाली भाषा र लोहोरुङ भाषामा दुबैमा पुरुष तिन प्रकारका छन् भने यी दुबैमा पुरुष अनुरूप कियाको रूपायन हुन्छ । अतः नेपाली भाषा र लोहोरुङ भाषामा समान प्रकियाबाट पुरुष अनुरूप कियाको रूपायन हुने व्यवस्था रहेको छ । प्रथम पुरुष र द्वितीय पुरुष तिन तिन ओटा रहेका छन् । तृतीय पुरुष दुबै भाषामा दुई वटा रहेका छन् ।

तथापि नेपाली भाषा पुरुषको एकवचन र बहुवचन मात्रै भएकोमा लोहोरुङ भाषामा पुरुषको द्विवचन रूप पनि रहको छ । यसका साथै लोहोरुङ भाषामा तृतीय पुरुषको द्विवचन रूप नभए पनि कियाको रूपहरूमा यो प्रकिया लागु हुन्छ अथात् तृतीय पुरुषमा पनि कियाको रूपायन एकवचन, द्विवचन र बहुवचन अनुरूप नै प्रयुक्त हुन्छन् ।

## ५.४ आदरका आधारमा लोहोरुङ र नेपाली भाषाको तुलना

नेपालीमा आदरको सङ्केतार्थ चार वटा बद्ध रूपहरू संयोजित हुन्छन् । जस्तैः छौ, छस, छन्, नुहुन्छ । लोहोरुङ भाषामा आदरको धेर तहै छैनन्ः आदरार्थी र अनादरार्थी । र

यस भाषामा आदर व्यक्त गर्ने प्रक्रिया भिन्न रहेको छ । आदरका व्यक्त गर्नका लागि प्रयोग गरिने सङ्केतहरू न्यून छ ।

तालिका २९

लोहोरुङ र नेपाली भाषामा आदरको प्रयोग

| **आदरका तह** | **नेपाली** | **लोहोरुङ** |
|---|---|---|
| **निम्न** | तँ बजार जान्छस् । | आना हाटा खेः?ना । |
| | ऊ राम्रो छ । | खो काम्नुए लेःक । |
| **मध्यम** | तिमी बजार जान्छौ । | आना हाटा खेः?ना । |
| | उनी राम्रा छन् । | खो काम्नुए लेक । |
| **उच्च** | तपाईं बजार जानुहुन्छ । | नाना (आना) हाटा खेः?ना । |
| **अत्युच्च** | हजुर जानुहुन्छ । | नाना (आना) हाटा खेः?ना । |
| | उहाँ राम्रो हुनुहुन्छ । | नाना (आना) काम्नुए लेःक् । |

प्रस्तुत तालिकामा नेपाली भाषामा आदरका ४ तह अनुरूप क्रियाको रूपायन भएको छ भने लोहोरुङ भाषामा आदरका आधारमा क्रियामा कुनै विचलन आएको छैन । तथापि लोहोरुङ भाषामा लोहोरुङ भाषामा निम्न र मध्यम तथा उच्च र अत्युच्चका बिचमा पृथकता रहेको छ । यसर्थ निम्न र मध्यम आदरलाई अनादरार्थी र उच्च र अत्युच्चलाई आदरार्थी मान्न सकिन्छ । लोहोरुङ भाषामा आदर व्यक्त गर्नका लागि सर्वनाम ऐच्छिक बनेको छ भने ‘नाना’ आदर व्यक्त गर्नका लागि आवश्यक हुनाले आएको छ । आदर व्यक्त गर्नका लागि आदरार्थी सम्बोधनको आवश्यकता भएकाले ‘नाना’ को आगमन अनिवार्य भएको छ ।

लोहोरुङ भाषा र नेपाली भाषाको तुलना गरिरहँदा आदर व्यवस्थामा कुनै अवस्थामा पनि समानता पाइँदैन ।

आदरका आधारमा यी दुई भाषा बिच सबै भन्दा बढि असमान व्यवस्था रहेको पाइएको छ । नेपाली भाषामा रहेको आदरका ४ तहहरू लोहोरुङ भाषामा दुई वटा मात्रै पाइन्छन्: सामान्य आदर र आदरार्थी । नेपाली भाषामा आदरका आधारमा क्रियाको रूपायनहुने प्रक्रिया लोहोरुङ भाषामा छैन । लोहोरुङ भाषामा आदर व्यक्त गर्नका लागि आदरार्थी व्यक्तिलाई सम्बोधन गरिन्छ ।

## ५.५. कालका आधारमा लोहोरुङ र नेपाली भाषाको  तुलना

नेपाली भाषामा क्रियाको रूपायनका आधारमा काललाई भूत र अभूत कालमा वर्गीकरण गरिन्छ भने लोहोरुङ भाषामा पनि यहि आधारमा कालको वर्गीकरण गर्न सकिन्छ । नेपालीमा अभूतकालमा वर्तमान काल र भविष्यत काल रहेका छन् भने लोहोरुङ भाषामा वर्तमान र भविष्यत काल छुट्टिँदैन ।

### ५.५.१ भूतकाल

नेपालीमा भन्दा लोहोरुङ भाषामा क्रियाका भूतकालिक रूपहरू फरक फरक रहेका छन् । भूतकालका आधारमा नेपाली भाषा र लोहोरुङ भाषाको तुलना यस प्रकार गरिन्छः

तालिका ३०

लोहोरुङ र नेपाली भाषामा भूत कालको प्रयोग

| **लोहोरुङ** | **नेपाली** |
|---|---|
| खोसे साम इसु । | उसले गीत गायो । |
| खो साम इसा । | उसले गीत गायो । |
| नुसाए चाम चाउ । | भाइले भात खायो । |
| नुसा चाम चाआ । | भाइले भात खायो । |
| बलिहाङ ए सप्चिरा पढालिसु । | बलिहाङले किताव पढ्यो । |
| बलिहाङ सप्चिरा पढालिसा । | बलिहाङले किताव पढ्यो । |

प्रस्तुत तालिकाका अनुसार नेपाली भाषामा धातुमा ‘यो’ प्रत्यय लागी भूतकाल व्यक्त भएको छ भने  लोहोरुङ भाषामा ‘इमा’ र ‘पढालि(क्)’ धातुमा ‘सु’ र ‘सा’र ‘चाः(क्) धातुमा ‘उ’ र ‘आ’ प्रत्ययहरू संयोजित भइ भूतकाल व्यक्त भएको छ । कर्तामा ‘ए’ (ले विभक्ति) जोडिँदा धातुमा ‘उ’ र ‘सु’ जस्ता प्रत्यय लाग्छन् । यसर्थ के स्पष्ट हुन्छ भने लोहोरुङ भाषामा  कर्तामा संयोजित ‘ए’ रूप र धातुले क्रियाको भूतकालिक रूपको निर्धारण गर्दछ ।

### ५.५.२ अभूतकाल

अभूतकालका आधारमा नेपाली भाषा र लोहोरुङ भाषाको तुलना यस प्रकार गरिन्छः

तालिका ३१

लोहोरुङ र नेपाली भाषामा अभूतकालको प्रयोग

| लोहोरुङ | नेपाली |
|---|---|
| खो साम इक् । | ऊ गीत गाउँछ । |
| खोसे साम इकु । | ऊ गीत गाउँछ । |
| बलिहाङ थाप्नाम् वाइक् । | बलिहाङ जङ्गल घुम्छ । |
| बलिहाङए थाप्नाम् वाइकु । | बलिहाङ जङ्गल घुम्छ । |
| नुसा चाम चाः(क्) । | भाइ भात खान्छ । |
| नुसाए चाम चाकु । | भाइ भात खान्छ । |

यस तालिकाका अनुसार नेपाली भाषामा धातुमा 'छ' तर लोहोरुङ भाषामा दुई प्रकियाबाट अभूतकाल व्यक्त भएको छ । एउटा प्रकियामा कुनै प्रत्यय बिना नै अभूत काल व्यक्त भएको छ भने अर्को प्रकियामा धातुमा 'कु' प्रत्यय संयोजित भएर पनि अभूतकाल व्यक्त भएको छ ।

यसरी नेपाली भाषामा जस्तै लोहोरुङ भाषामा पनि भूतकाल र अभूतकाल गरी २ प्रकारका काल छन् । अर्थात् दुबै भाषामा कालका आधारमा कियाको रूपायन दुई किसिमले हुने गर्दछ ।

भूतकाल व्यक्त गर्ने कियाको रूपहरू नेपाली भाषामा भन्दा भिन्न प्रकियाबाट रूपायित हुन्छन् । नेपाली भाषामा 'यो'र 'छ' रूपले कमशः भूतकाल र अभूतकाल व्यक्त हुने भएकोमा यसको सट्टा लोहोरुङ भाषामा भने कर्तामा 'ए' रूप संयोजित हुँदा र नहुँदा कियाको रूपायन फरक फरक प्रकियाबाट हुन्छ ।

## ५.६. पक्षका आधारमा लोहोरुङ र नेपाली भाषाको तुलना

नेपाली भाषाको सापेक्षतामा लोहोरुङ भाषामा पक्षको प्रयोग अवस्थाको चर्चा यहाँ गरिएको छ ।

### ५.६.१ अपूर्ण पक्ष

नेपाली भाषामा जस्तै लोहोरुङ भाषामा पनि अपूर्ण पक्ष भूत तथा अभूत अर्थात् वर्तमान कालको परिवेशमा पाइन्छ । लोहोरुङ भाषामा ‘पाइमा’ र नेपाली भाषामा ‘छ’ सहायक क्रियाका रूपहरूको उपस्थितिमा अपूर्ण पक्ष व्यक्त हुन्छ ।

**५.६.१.१ अपूर्ण भूतः** नेपाली भाषामा र लोहोरुङ भाषामा अपूर्ण भूतको तुलना यस प्रकार गरिन्छः

तालिका ३२

लोहोरुङ र नेपाली भाषामा अपूर्ण भूतकोप्रयोग

| **लोहोरुङ** | **नेपाली** |
|---|---|
| इमे पाइता । | गाउँदै थियो । |
| टामे पाइता । | आउँदै थियो । |
| साप्मे पाइता । | लेख्दै थियो । |

दिइएको तालिकाका अनुसार नेपाली भाषामा ‘दै’ रूपका साथमा ‘थियो’ ले अपूर्ण पक्ष व्यक्त गरेको छ भने लोहोरुङ भाषामा धातुमा ‘ए’ रूपका साथमा ‘पाइता’ सहायक क्रियाबाट अपूर्ण भूत व्यक्त भएको छ ।

**५.६.१.२ अपूर्ण वर्तमानः** नेपाली भाषा र लाहोरुङ भाषामा अपूर्ण वर्तमानको तुलना यस प्रकार गरिन्छः

तालिका ३३

लोहोरुङ र नेपाली भाषामा अपूर्ण वर्तमानकोप्रयोग

| **लोहोरुङ** | **नेपाली** |
|---|---|
| इमे पाइक् । | गाउँदै छ । |
| टामे पाइक् । | आउँदै छ । |
| साप्मे पाइक् । | लेख्दै छ । |

यस तालिकाका अनसार नेपाली भाषामा ‘दै’ रूपका साथमा ‘छ’ ले अपूर्ण पक्ष व्यक्त गरेको छ भने लोहोरुङ भाषामा धातुमा ‘ए’ रूपका साथमा ‘पाइक’ सहायक क्रियाबाट अपूर्ण वर्तमान व्यक्त भएको छ ।

### ५.६.२.पूर्ण पक्ष

नेपाली भाषामा पूर्ण पक्ष भूत तथा अभूत अर्थात् वर्तमान कालको परिवेशमा पाइन्छ। लोहोरुङ भाषामा पनि यहि प्रकिया रहेको छ।

**५.६.२.१ पूर्ण भूतः** नेपाली र लोहोरुङ भाषामा पूर्ण भूतको प्रयोगलाई यसरी तुलना गरिन्छः

तालिका ३४

लोहोरुङ र नेपाली भाषामा पूर्ण भूतको प्रयोग

| लोहोरुङ | नपाली |
|---|---|
| चामिम्पा लेता। | खाएको थियो। |
| खे?मिम्पा लेता। | गएको थियो। |
| कामिम्पा लेता। | भनेको थियो। |

सम्बन्धित तालिकाका अनुसार नेपाली भाषामा पूर्ण भूतमा धातुमा 'एको' को बद्ध रूपका साथमा 'थियो' सहायक कियाका संयोजन भएको छ भने लोहोरुङ भाषामा चाः, इः र काः धातुमा 'मिम्पा' को साथमा 'लेता' सहायक किया संयोजन भएको छ।

**५.६.२.२ पूर्ण वर्तमानः** नेपाली र लोहोरुङ भाषामा पूर्णको प्रयोगलाई यसरी तुलना गरिन्छः

तलिका ३५

लोहोरुङ र नेपाली भाषामा पूर्ण वर्तमानकोप्रयोग

| लोहोरुङ | नेपाली |
|---|---|
| चामिम्पा लेक/चाडा। | खाएको छ। |
| खे?मिम्पा लेक/इडा। | गाएको छ। |
| कामिम्पा लेक/खेःडा। | गएको छ। |

यस तालिकामा नेपाली भाषामा पूर्ण भूतमा धातुमा 'एको' को बद्ध रूपका साथमा 'छ' सहायक कियाका संयोजन भएको छ भने लोहोरुङ भाषामा धातु 'मामिम्पा' को साथमा 'लेक' सहायक किया संयोजन भएको छ भने 'डा' रूपको संयोजनद्वारा मात्रै पनि पूर्ण वर्तमान व्यक्त भएको छ।

### ५.६.३ अभ्यस्त पक्ष

अभ्यस्त पक्ष खास गरी भूत कालसँग सम्बन्धित छ। नेपाली र लोहोरुङ भाषामा अभ्यस्त भूतको तुलना यस प्रकार गरिन्छः

तालिका ३६

लोहोरुङ र नेपाली भाषामा अभ्यस्त भूतकोप्रयोग

| **लोहोरुङ** | **नेपाली** |
|---|---|
| इःयुङ्सा । | गाउँथ्यो । |
| खे?युङ्सा । | जान्थ्यो । |
| साप्युङ्सा । | लेख्थ्यो । |

प्रस्तुत तालिकाका आधारमा नेपाली र लोहोरुङ भाषामा भूत कालमा अभ्यस्त पक्ष पाइन्छ । नेपाली भाषामा धातुमा 'थि' का रूपहरूसँग सम्बद्ध कुञ्चित (थिएँ=थेँ, थियौँ=थ्यौँ आदि) रूपको योगबाट अभ्यस्त पक्ष जनाइन्छ । लोहोरुङ भाषामा 'युङ्सा' रूपको योगबाट अभ्यस्त पक्ष व्यक्त हुन्छ ।

### ५.६.४ अज्ञात पक्ष

अज्ञात पक्ष पनि विशेषतः भूतकालसँग सम्बन्धित पक्ष हो । नेपाली र लोहोरुङ भाषामा अज्ञात पक्षको तुलना यस प्रकार गरिन्छः

तालिका ३७

लोहोरुङ र नेपाली भाषामा अज्ञात भूतको प्रयोग

| **लोहोरुङ** | **नेपाली** |
|---|---|
| चाडा । | खाएछ । |
| इडा । | बताएछ । |
| काडा । | भनेछ । |

प्रस्तुत तालिकाका अनुसार नेपाली र लोहोरुङ भाषा दुबैमा भूत कालमा मात्रै अज्ञात पक्ष पाइन्छ । नेपाली भाषामा धातुमा 'एछ' प्रत्यय संयोजित भएको छ भने लोहोरुङ भाषामा धातुमा 'डा' प्रत्यय संयोति भएको छ । लोहोरुङ भाषामा पूर्ण वर्तमान (५.७.२.२) पनि कियाको यहि रूपबाट पनि बोध हुन्छ ।

यसबाट के स्पष्ट हुन्छ भने लोहोरुङ भाषामा पनि ४ प्रकारका पक्षहरू रहेका छन् । अपूर्ण पक्षमा नेपाली भाषामा प्रयोग हुने बद्ध रूप 'दै' र सहायक किया 'छ' र 'थियो' तथा पूर्ण पक्षमा 'एको' र सहायक किया 'छ' र 'थियो' का समानान्तर लोहोरुङ भाषामा अपूर्ण

पक्षमा 'मे' बद्ध रूप र 'पाइता' सहायक क्रिया र अपूर्ण पक्षमा 'मिम्पा' बद्ध रूप र 'लेता' र 'लेक' सहायक क्रियाको प्रयोग हुन्छ ।

पक्षका आधारमा लोहोरुङ भाषा र नेपाली भाषाको असमानता पहिल्याउँदा लोहोरुङ भाषामा अज्ञात पक्ष व्यक्त हुनका लागि पूर्ण पक्षमा पनि प्रयोग हुने प्रक्रिया दोहोरिन्छ जुन नेपाली भाषाको भन्दा भिन्न प्रक्रिया हो ।

## ५.७. भावका आधारमा लोहोरुङ भाषा र नेपाली भाषाको तुलना

नेपाली भाषाका भावहरू लोहारुङ भाषामा पनि रहेका छन्: सामान्यर्थ, विध्यर्थ (आज्ञार्थ र इच्छार्थ), सम्भावनार्थ, संकेतार्थ र प्रश्नार्थ ।

### ५.७.१ सामान्यर्थ

नेपाली र लोहोरुङ भाषाको सामान्यर्थको तुलना यस प्रकार गरिन्छः

तालिका ३८

लोहोरुङ र नेपाली भाषामा सामान्यर्थको प्रयोग

| **लोहोरुङ** | **नेपाली** |
|---|---|
| खो खिम्पी खेः(क्) । | ऊ घर जान्छ । |
| नुसा चाम चाः(क्) । | भाइ भात खान्छ । |
| निवाहाङ साम इः(क्) । | निवाहाङ गीत गाउँछ । |

माथिको तालिकामा लोहोरुङ भाषामा धातुमा कुनै प्रत्यय समायोजित नभई सामान्यर्थ व्यक्त भएका छन् भने नेपाली भाषामा धातुमा 'छ' प्रत्यय समायोजित भएको छ । यसले वाक्यको सामान्य आशाय मात्र बुझाएको छ ।

### ५.७.२ आज्ञार्थ

नेपाली भाषा र लोहोरुङ भाषाको आज्ञार्थको तुलना यसरी गरिन्छः

तालिका ३९

लोहोरुङ र नेपाली भाषामा आज्ञार्थको प्रयोग

| **लोहोरुङ** | **नेपाली** |
|---|---|
| आना खारे । | तिमी जाउ । |
| नुसा चाम चाए । | भाइ खाना खाउ । |

दिइएको तालिकाका अनुसार लोहोरुङ भाषामा धातुमा ‘खेः(क्)’ र ‘चाः(क्) धातुमा ‘ए’ प्रत्ययको संयोजन भइ क्रियाको रूपायन भएको छ भने नेपाली भाषामा धातुमा ‘उ’ प्रत्यय संयोजित भइ क्रियाको रूपायन भएको छ ।

### ५.७.३ इच्छार्थ

नेपाली र लोहोरुङ भाषाको इच्छार्थको तुलना यस प्रकार गरिन्छः

तालिका ४०

लोहोरुङ र नेपाली भाषामा इच्छार्थ प्रयोग

| लोहोरुङ | नेपाली |
|---|---|
| खोसे चाम चाउःरो । | उसले खाना खाओस । |
| नुसा खिम्पी टाःरो । | भाइ घर आओस । |
| निवाहाङ साम इःरो । | निवाहाङ गीत गाओस । |

यस तालिकाका अनुसार लोहोरुङ भाषामा धातुमा ‘रो’ प्रत्यय संयोजित भएको पाइन्छ भने नेपाली भाषामा भने ‘ओस’ बद्ध रूपद्वारा इच्छार्थ व्यक्त भएको छ ।

### ५.७.४ सम्भावनार्थ

लोहोरुङ भाषामा नेपाली भाषाको सामीप्यताका कारण सम्भावनार्थको प्रयोग गरिन्छ

तालिका ४१

लोहोरुङ र नेपाली भाषामा सम्भावनार्थको प्रयोग

| लोहोरुङ | नेपाली |
|---|---|
| दुरु बोव्ल्हे(क्) होला । | दुध पोखिएला । |
| आयु वारि टाः(क्) होला । | आज पानी पर्ला । |

दिइएको तालिकामा लोहोरुङ भाषामा धातुमा कुनै रूपको समायोजन नभई नेपाली ‘होला’ ले सम्भावनार्थ व्यक्त भएको छ भने नेपाली भाषामा भने धातुमा ‘एला’ र ‘ला’ प्रत्ययद्वारा सम्भावनार्थ व्यक्त भएको छ ।

### ५.७.५ प्रश्नार्थ

नेपाली र लोहोरुङ भाषाको प्रश्नार्थक वाक्यहरू यस प्रकार गरिन्छः

तालिका ४२

लोहोरुङ र नेपाली भाषामा प्रश्नार्थको प्रयोग

| **लोहोरुङ** | **नेपाली** |
|---|---|
| आना खिम्पी टाः?ने ? | तिमी घर आउँछौ ? |
| नुसा स्कुल खेःए ? | भाइ विद्यालय जान्छ ? |

प्रस्तुत तालिकामा नेपाली भाषामा प्रश्नार्थ व्यक्त गर्नका लागि सामान्यर्थ वाक्यमा प्रश्नावाचक चिन्हको प्रयोग गरिएको छ भने लोहोरुङ भाषामा भने धातुमा 'ने' र 'ए' बद्ध रूपद्वारा प्रश्नार्थ व्यक्त भएको छ ।

### ५.७.६ सङ्केतार्थ

नेपाली र लोहोरुङ भाषामा सङ्केतार्थ व्यक्त गर्ने वाक्यहरूको तुलना यसरी गरिन्छः

तालिका ४३

लोहोरुङ र नेपाली भाषा सङकेतार्थको प्रयोग

| **लोहोरुङ** | **नेपाली** |
|---|---|
| सेरिङ गो टाः?ङा । | बोलाए आउँछु । |
| वारि टाः(क्) गो लम्फु हिलो लि(क्) । | पानी परे बाटो हिलो हुन्छ । |

माथिको तालिकाका अनुसार नेपाली भाषामा असमापिका क्रियामा 'ए' प्रत्यय आई सङ्केतार्थ व्यक्त भएको छ लोहोरुङ भाषामा सङकेतार्थ व्यक्त गर्नका लागि 'गो' योजक चिन्हको प्रयोग गरिएको छ ।

भावका आधारमा लोहोरुङ र नेपाली भाषाका समानतालाई समष्टिमा भन्नुपर्दा नेपाली भाषामा जस्तै लोहोरुङ भाषामा पनि सामान्यर्थ, विध्यर्थ (आज्ञार्थ र इच्छार्थ), सम्भावनार्थ, संकेतार्थ र प्रश्नार्थ जस्ता भावका वाक्यहरू पाइन्छन् । आज्ञार्थमा लोहोरुङ भाषामा पनि नेपाली भाषामा अनुरूप धातुमा प्रत्ययको संयोजन हुने प्रक्रियाद्वारा आज्ञार्थ, इच्छार्थ व्यक्त हुन्छ । आज्ञार्थ लागि धातुमा प्रयोग हुने 'उ' रूपको सट्टामा 'ए' रूपको प्रयोग हुन्छ भने इच्छार्थमा प्रयोग हुने 'ओस' रूपको लागि लोहोरुङ भाषामा 'रो' रूपको प्रयोग हुन्छ ।

त्यस्तै गरी असमानतामा नेपाली भाषामा प्रश्नार्थ प्रश्नवाचक चिह्नको प्रयोगबाट व्यक्त हुन्छ भने लोहोरुङ भाषामा धातुमा व्याकरणिक रूपको समायोजनका साथमा प्रश्नवाचक चिन्हको प्रयोगद्वारा प्रश्नार्थ व्यक्त हुन्छ । सङ्केतार्थ वाक्यमा लोहोरुङ भाषामा 'गो' योजक चिह्नको प्रयोग गरिन्छ ।

## ५.८.वाच्यका आधारमा लोहोरुङ भाषा र नेपाली भाषा

वाच्यका आधारमा नेपाली भाषा र लोहोरुङ भाषामा फरक रहेको छ । नेपाली भाषाका कर्ता, कर्म र किया जस्ता वाच्यहरू लोहोरुङ भाषामा पाइँदैनन् ।

### ५.८.१ कर्तृवाच्य

नेपाली र लोहोरुङ भाषामा कर्तृवाच्यको प्रयोगलाई तलको तालिकामा प्रस्तुत गरिन्छः

तालिका ४४

लोहोरुङ र नेपाली भाषामा कर्तृवाच्यको प्रयोग

| **लोहोरुङ** | **नेपाली** |
|---|---|
| का साप्मारा इन्ङा । | म कलम किन्छु । |
| काङ्का गुबी पेन्किङ्का । | हामी यहाँ बस्छौँ । |
| खुसुबाङए याङ खुसु । | चोरले पैसा चोऱ्यो । |
| का नुरो टाइङ । | म राम्ररी आएँ । |

तालिकामा नेपाली भाषामा कर्ताप्रधान वाक्यमा कर्ता अनुरूप कियाको रूपायन भएको छ । लोहोरुङ भाषामा पनि यहि प्रकिया रहेको छ ।

### ५.८.२ कर्मवाच्य

कर्मवाच्यका आधारमा नेपाली भाषा र लोहोरुङ भाषाको तुलना यस प्रकार गरिन्छः

तालिका ४५

लोहोरुङ र नेपाली भाषामा कर्मवाच्यको प्रयोग

| **लोहोरुङ** | **नेपाली** |
|---|---|
| का साप्मारा इन्ङा । | म द्वारा कलम किनिन्छ । |
| खुसुवाङए याङ खुसु । | चोरद्वारा पैसा चोरियो । |

यस तालिकाका अनुसार नेपाली भाषामा सकर्मक क्रियायुक्त कर्मप्रधान वाक्यमा कर्तामा 'द्वारा' को संयोजन र कर्म अनुरूप क्रियाको रूपायन भएको छ तर लोहोरुङ भाषामा भने वाक्य कर्मप्रधान अथवा कर्ताप्रधान भनी पहिचान गर्नसक्ने कुनै रूपायन भएका छैन र कुनै बद्ध रूप पनि आएको छैन ।

### ५.८.३ भाववाच्य

भाववाच्यका आधारमा नेपाली र लोहोरुङ भाषाको तुलना यस प्रकार गरिन्छः

तालिका ४६

लोहोरुङ र नेपाली भाषामा भाववाच्यको प्रयोग

| **लोहोरुङ** | **नेपाली** |
|---|---|
| काङका गुबी पेन्किङ्का । | हामीद्वारा यहाँ बसिन्छ । |
| का नुरो टाइङ । | मद्वारा राम्ररी आइयो । |

सम्बन्धित तालिकाका अनुसार नेपाली भाषामा भावप्रधान वाक्यमा कर्तामा 'द्वारा' को संयोजन भएको छ भने लोहोरुङ भाषामा भावप्रधान वा कर्ताप्रधान वाक्य भनी छुट्याउने कुनै आधारको आगम भएको छैन । त्यसैले लोहोरुङ भाषामा वाच्यान्तरण प्रक्रिया छैन भन्न सकिन्छ ।

लोहोरुङ भाषामा व्याच्यान्तरण प्रक्रिया नहुने भएकाले वाच्यका आधारमा यी दुई बिच समानताको कमी छ । तथापि कर्तवाच्यको सन्दर्भमा दुबै भाषामा कतृवाच्यमा कर्ता अनुरूप क्रियाको प्रयोग हुन्छ ।

वाच्यान्तरण प्रक्रिया नभएकाले वाच्यका आधारमा लोहोरुङ पृथक रहेको छ । यसमा कर्म तथा भावप्रधान वाक्यहरू हुँदैनन् ।

# अध्याय ६

# सारांश, निष्कर्ष र उपादेयता

## ६.१ सारांश

प्रस्तुत 'लोहोरुङ भाषा र नेपाली भाषाको व्याकरणात्मक कोटि' शीर्षक शोधपत्रमा लोहोरुङ भाषाको व्याकरण व्यवस्था पहिल्याउने, नेपाली भाषा र लोहोरुङ भाषाको व्याकरणात्मक कोटिको आधारमा तुलना गर्ने र लोहोरुङ मातृभाषी वक्ताले नेपाली भाषाको सिकाइ तथा प्रयोगका क्रममा गर्ने त्रुटिहरूको पहिचान गर्ने उद्देश्यमा केन्द्रित छ ।

सदियौं पूर्व किरातीहरू पूर्व, पश्चिम र उत्तर दिशाबाट नेपाल आएका थिए । नेपालको इतिहासमा महिषपाल वंशलाई विस्थापित गर्ने र लिच्छविद्वारा विस्थापित भएका शाषकका रूपमा किरातीहरूलाइ चिनिन्छ । किराती समूहको एक शाखा लोहोरुङ राई हो । लोहोरुङहरू अरुण उपत्यकाका आदिवासी हुन् । लोहोरुङलाई लोहरुङ  तथा लहरुङ पनि भन्ने गरिन्थ्यो । अरुण उपत्यकाका लोहोरुङ राईहरूको मातृभाषा लोहोरुङ भाषा हो । लोहोरुङ मातृभाषी वक्ताहरूको सङ्ख्या रा. ज. २०६८ का अनुसार ३७२० र सङ्खुवासभा जिल्लामा २८१७ जना पाइएको छ । लोहोरुङ भाषा पल्लो किराती भाषाहरू अन्तर्गत पर्दछ । याम्फू तथा मेवाहाङ भाषासँग शाब्दिक समानताहरू रहेकाले यी भाषाहरूसँग लोहोरुङ भाषा निकट रहेको छ ।

पूर्वकार्यहरूको पुनरावलोकन तथा तुलनात्मक अध्ययनको सैद्धान्तिक अवधारणा प्रस्तुत गरिएको छ ।यस अन्तर्गत त्रि. वि. का नेपाली, अङ्ग्रेजी केन्द्रीय विभाग तथा सिल इन्टरनेसनलमा प्रस्तुत शोधपत्रहरू तथा भाषाविज्ञानका पुस्तकहरूको अध्ययन गरिएको छ ।

अध्ययन विधिमा पुस्तकालयीय विधिका साथै क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ । सङ्खुवासभा जिल्ला खाँदबारी नगरपालिका वडा नं. १, ३ र ४ मा नमुना छनोट गरी यो अध्ययन सम्पन्न गरिएको छ ।

लोहोरुङ भाषाको व्याकरण व्यवस्थाको अध्ययन गर्दा लिङ्ग, वचन, पुरुष, आदर काल, पक्ष, भाव, वाच्यको आधारमा मानिएको छ । लिङ्गका आधारमा नाम र विशेषणको अध्ययन गरिएको छ । वचनका आधारमा सर्वनाम, नाम, विशेषण र क्रियाको  व्यवस्थालाई हेरिएको छ । प्रथम पुरुष द्वितीय पुरुष र तृतीय पुरुष सापेक्ष प्रयोग हुने क्रियाका रूपहरूको खोजी गरिएको छ । लोहोरुङ भाषामा आदर व्यक्त गर्ने पद्धतिलाई प्रस्तुत गरिएको छ ।

क्रियाका रूपहरू भूतकाल अभूतकालका आधारमा अपूर्ण, पूर्ण, अभ्यस्त र अज्ञात पक्षका परिवेशमा रूपायित भएका छन् ।

नेपाली भाषा र लोहोरुङ भाषाको तुलना गर्दा व्याकरणात्मक कोटिहरू लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव, वाच्यलाई आधार मानी गरिएको छ । लोहोरुङ भाषा र नेपाली भाषाको व्याकरणात्मक कोटिको तुलना गर्दा लिङ्ग, वचन र आदरका आधारमा लोहोरुङ भाषा नेपाली भाषा भन्दा भिन्न रहेको पाइयो । अध्ययनका क्रममा यी दुई भाषा बिच कतिपय समानता र कतिपय असमानता रहेको पाइयो । नेपाली भाषामा लिङ्ग, पुरुष अनुरूप क्रियाको रूपायन हुन्छ भने लोहोरुङ भाषामा क्रियामा लिङ्ग भेद हुँदैन । तर जातीय लिङ्गबोधक शब्दहरूको प्रयोग गरिन्छ । लिङगका आधारमा नाम, विशेषणको तुलना गर्दा मानवीय विशेषणमा समानता देखिएको छ । वचनका आधारमा सर्वनाम, नाम, विशेषण र क्रियाको तुलना गरिएको छ भने यिनीहरूका साथै क्रियाको पनि अध्ययन गरिएको छ । नेपाली भाषामा एकवचन र द्विवचन मात्रै रहेको छ भने लोहोरुङ भाषामा एकवचन, द्विवचन र बहुवचन पाइन्छ । लोहारुङ भाषामा आदर व्यक्त गर्नका लागि क्रियामा रूपायन नभई सम्बन्धबोधक शब्द द्वारा सम्बोधन गरिन्छ । आदरमा सर्वनामका रूप र क्रियापदमा सोही अनुरूप बद्ध रूप संयोजित भई आउँछ भने लोहोरुङ भाषामा आदरका आधारमा क्रिया र सर्वनाममा कुनै विचलन आउँदैन । पुरुष व्यवस्था नेपाली भाषा अनुरुप नै रहेका छन् । त्यसै गरी नेपाली भाषामा विशेषणमा हुने आदरको दुई तह लोहोरुङ भाषामा परिवर्तनहीन छ । तर लोहोरुङ भाषामा आदर जनाउने अलग प्रक्रिया रहेको छ जसमा आदरार्थी व्यक्तिसँगको सम्बन्ध खुलाइ वाक्यको पहिलो शब्दमा सम्बोधन गरिन्छ ।काल र पक्ष नेपाली भाषा अनुरूप नै क्रमशः भूतकाल र अभूतकाल र अपूर्ण, पूर्ण, अभ्यस्त र अज्ञात पक्ष रहेका छन् । सामान्यर्थ, आज्ञार्थ, इच्छार्थ, प्रश्नार्थ र सङ्केतार्थ दुबै भाषामा पाइन्छन् । नेपाली भाषामा हुने वाच्यान्तरण प्रक्रिया लोहोरुङ भाषामा पाइँदैन ।

## ६.२ निष्कर्ष

सीमित लोहोरुङ भाषाको व्याकरणात्मक कोटिको अध्ययन गरी नेपाली भाषासँग तुलना गर्दा यिनीहरू बिच संरचनागत समानता रहेको पाइएको छ । यस अध्ययनबाट प्राप्त तथ्यलाई निष्कर्षमा निम्नानुसार प्रस्तुत गरिन्छः

१) नेपाली र लोहोरुङ दुबै भाषामा प्राकृतिक लिङ्गबोधक शब्दद्वारा लिङ्गभेद जनाइन्छ । लोहोरुङ भाषामा व्याकरणिक लिङ्ग व्यवस्था नभएकाले क्रियामा लिङ्गभेद हुँदैन । लिङ्ग व्यवस्थाका आधारमा नेपाली भाषा र लोहोरुङ भाषा भिन्न रहेको छ ।

२) लोहोरुङ भाषामा क्रियाको वचन परिवर्तन कर्ता र कर्मका आधारमा हुन्छ । कर्ताको आधारमा द्विवचन र बहुवचनमा र कर्मको आधारमा बहुवचनमा क्रियाको रूप परिवर्तन हुन्छ ।

३) लोहोरुङ भाषामा एकवचन, द्विवचन र बहुवचन पाइएको छ । सर्वनाम र क्रियामा द्विवचनको अवस्था पाइयो भने नाम र विशेषणमा एकवचन र बहुवचन मात्रै पाइयो । प्रथम पुरुष सर्वनाम र त्यो सँग सम्बन्धित भएर धातुमा आउने 'चिगा' ले द्विवचन र किङ्का प्रत्ययले बहुवचन व्यक्त गर्दछ । बहुवचनमा जिवित प्राणीहरूका लागि 'ची' र विशेषणमा 'हा' भाषिक रूपको प्रयोग गरिन्छ ।

४) लोहोरुङ भाषामा निर्जीव वस्तुको बहुवचन व्यक्त गर्नकालागि कुनै भाषिक प्रत्यय छैन । तर नेपाली भाषाको सामिप्यताका कारण यही भाषाको 'धेरै' शब्दको लोहोरुङ रूप 'धेरो' ले को प्रयोग हुन्छ । नेपाली भाषामा एकवचन र बहुवचन मात्रै पाइने भएकाले वचनका आधारमा यी भाषाहरूको वचन व्यवस्था फरक रहेको छ ।

५) पुरुषका आधारमा लोहोरुङ भाषा नेपाली भाषा भन्दा भिन्न नरहेको पाइयो । दुबै भाषामा प्रथम पुरुष, द्वितीय र तृतीय पुरुष र यिनीहरूकै अनुरूप क्रियाको रूपायन हुन्छ । तर लोहोरुङ भाषामा आदरको तह नभएकाले द्वितीय पुरुष जनाउन एक मात्र 'आना' का प्रयोग गरिन्छ ।

६) आदर व्यक्त गर्न लोहोरुङ भाषामा आदरार्थी सम्बोधन गरिन्छ । नेपाली भाषामा द्वितीय पुरुषमा आदरको तह व्यक्त हुन्छ र यसै अनुरूप क्रियाको रूपायन हुन्छ तर लोहोरुङ भाषामा आदरका व्यक्त गर्न क्रियामा रूपायन आवश्यक पर्दैन । त्यसैले आदरका आधारमा नेपाली भाषा र लोहोरुङ भाषा भिन्न रहेको पाइयो ।

७) काल दुबै भाषामा भूत र अभूत गरी दुई प्रकारका काल रहेका छन् । दुबै भाषामा कालका दुई प्रकार छन् । दुबै भाषामा क्रियामा आउने परिवर्तनका आधारमा कालको बोध हुन्छ । नेपाली भाषामा धातुमा 'यो' प्रत्ययद्वारा भूतकाल व्यक्त गरिन्छ भने लोहोरुङ भाषामा 'आ' प्रत्ययद्वारा भूतकाल व्यक्त गरिन्छ । नेपालीमा 'छ' र लोहोरुङ भाषामा धातु मात्रले अभूत कालको बोध गराउँछ ।

८) लोहोरुङ र नेपाली दुबै भाषामा पक्षका चार प्रकार रहेका छन् । लोहोरुङ भाषामा अपूर्ण र लागि लोहोरुङ भाषामा 'पाइमा' र नेपालीमा 'छ' सहायक क्रियाका रूपहरूको आगम हुन्छ जसले नेपाली भाषाको अपूर्ण पक्ष व्यक्त गर्ने बद्ध रूपहरू तै, दै र रहेको छ जस्ता रूपहरूको भूमिका निर्वाह गर्दछ । त्यस्तै पूर्ण पक्षका लागि लोहोरुङ भाषामा 'मिम्पा लेक/लेता' वा धातुमा 'डा' समायोजन हुन्छ जसले नेपाली भाषामा पूर्ण पक्ष व्यक्त गर्ने एको, एका, एकी को भूमिका निर्वाह गर्दछ । युङसाले अभ्यस्त पक्ष व्यक्त गर्दछ । अज्ञात पक्ष व्यक्त गर्नका लागि नेपाली भाषाको 'रहेछ' को अपभ्रंश रूप 'रोच्छो' को प्रयोग  गरिन्छ ।

९) भावका आधारमा नेपाली भाषामा पाइने ५ प्रकार वाक्यहरू (सामान्यर्थ, आज्ञार्थ, इच्छार्थ, सङ्केतार्थ र प्रश्नार्थ) लोहोरुङ भाषामा पनि पाइन्छन् । नेपाली भाषामा प्रश्नार्थ व्यक्त गर्न प्रश्नावाचक चिह्नको प्रयोग गरिन्छ भने लोहोरुङ भाषामा धातुमा 'ने' र 'ए' रूपको संयोजन सहित प्रश्नवाचक चिह्नको प्रयोग गरिन्छ ।

१०) नेपाली भाषामा कर्ता, कर्म र क्रिया मध्ये एकको प्रधान्यमा क्रियाको रूपायक प्रत्यय समायोजित हुन्छ । यसैको आधारमा ३ वटा वाच्य रहेका छन् । नेपाली भाषामा सर्कमक क्रियायुक्त कतृवाच्यको वाच्यान्तरण कर्मवाच्य र अमर्कमक क्रियायुक्त वाक्यको वाच्यान्तरण गर्दा भाववाच्य बन्दछ । एकवचन कर्तायुक्त कर्तृवाच्यको वाच्यान्तरण हुँदैन वा वाच्यान्तरण गर्दा क्रियाको रूपमा कनै पनि परिवर्तन आउँदैन । लोहोरुङ भाषामा भने कर्ता बाहेक अन्य कुनै पनि पदावलीहरू प्रधान हुँदैनन् । वाच्यको प्रयोग लोहोरुङ भाषामा नभएको पाइयो ।

नेपाली भाषा र लोहोरुङ भाषाको व्याकरणात्मक कोटिको आधारमा तुलना गर्दा लिङ्ग, वचन, आदर र वाच्यका आधारमा उल्लेखनीय भिन्नताहरू पाइए भने पुरुष, काल, पक्ष, भावमा केही समानता र भिन्नताहरू पाइए ।

## ६.३ उपदेयता

यस अध्ययनको उपादेयतालाई निम्नानुसार प्रस्तुत गरिन्छः

१) लोहोरुङ मातृभाषी वक्ताहरूलाई नेपाली भाषाको प्रयोग गर्दा हुने त्रटिहरू सच्याउन सहयोग गर्नेछ ।

२) लोहोरुङ मातृभाषी विद्यार्थीहरूका त्रुटि क्षेत्रहरूको पुर्वानुमान गरी सोही अनुसार शिक्षणको तयारी गर्न शिक्षकलाई सहायक हुनेछ ।

३)	लोहोरुङ भाषामा आवश्यक देखिएको व्याकरण निर्माणमा सहायक हुनेछ ।

४)	प्राथमिक तहमा मातृभाषामा शिक्षा दिने  नीति अनुरूप पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणमा सहयोग गर्नेछ ।

५)	नेपाली भाषा र लोहोरुङ बिचको समानता तथा भिन्नतालाई बोध गराउँछ ।

६)	लोहोरुङ भाषा तथा भाषाशिक्षणसँग सम्बन्धित सरोकारवालाहरूका लागि सहयोगी हुनेछ ।

# सन्दर्भ सामग्री

## पुस्तक


अधिकारी, हेमाङ्गराज (२०७१), *समसामयिक नेपाली व्याकरण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (२०७२), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

गौतम, देवीप्रसाद र चौलागाईं, पेमप्रसाद (२०६६), *भाषा विज्ञान,* काठमाडौँ : पाठ्य सामग्री पसल ।

चेम्जोङ, इमानसिंह (२०५९), *किरात इतिहास,* काठमाडौं : किरात याक्थुङ चुम्लुङ ।

त्रिपाठी, वासुदेव (२०६६), *साहित्य सिद्धान्त : शोध तथा सृजना विधि,* काठमाडौँ : पाठ्य सामग्री पसल ।

निउरे, ध्रुवप्रसाद र घिमिरे, दिनेश (२०७०), *भाषिक अनुसन्धान विधि,* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

न्यौपाने, टङ्कप्रसाद र अन्य (२०६९), *सामान्य भाषाविज्ञान,* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

पौडेल, माधवप्रसाद (२०६९), *प्रायोगिक भाषा विज्ञानका प्रमुख आयामहरू* काठमाडौँ : हेरिटेज पब्लिसर्स एन्ड डिस्ट्रीब्यटर्स प्रा. लि. ।

भण्डारी, पारसमणि र पोखेल, केशवप्रसाद (२०७२), *ऐतिहासिक भाषाविज्ञान र नेपाली भाषा,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

राई, बम बहादुर (२०५८), *पौराणिक किरात इतिहास,* काठमाडौं : क्रियटिभ प्रिन्टिङ सपोर्टस् ।

श्रेष्ठ, इश्वरकुमार (२०५९), नेपाली भाषा र व्याकरणका केही पक्ष, काठमाडौँ : रत्न पुस्तक भण्डार ।

## शोधपत्र


कँडेल, छविकुमारी (२०७१), *खसानी भाषिका र स्तरीय नेपाली भाषाको व्यतिरेकी अध्ययन,* त्रि. वि. शिक्षा शाश्त्र सङ्काय नेपाली भाषा शिक्षा केन्द्रीय विभाग कीर्तिपुरमा प्रस्तुत शोधपत्र ।

खड्का, अप्सरा (२०६८), *अर्घाखाँची जिल्लामा बोलिने स्थानीय भाषा र स्तरीय नेपाली भाषाको तुलनात्मक अध्ययन* त्रि. वि. शिक्षा शाश्त्र सङ्काय नेपाली भाषा शिक्षा केन्द्रीय विभाग कीर्तिपुरमा प्रस्तुत शोधपत्र ।

खत्री, रामचन्द्र (२०६९), *रामेछापका माझी भाषा र नेपाली भाषाका वाक्यतत्त्वको व्यतिरेकी अध्ययन,* त्रि. वि. शिक्षा शाश्त्र सङ्काय नेपाली भाषा शिक्षा केन्द्रीय विभाग कीर्तिपुरमा प्रस्तुत शोधपत्र ।

तामाङ, महेन्द्रकुमार (२०६८), *तामाङ मातृभाषी विद्यार्थीहरूले नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिहरूको अध्ययन* त्रि. वि. शिक्षा शास्त्र सङ्काय नेपाली भाषा शिक्षा केन्द्रीय विभाग कीर्तिपुरमा प्रस्तुत शोधपत्र ।

तोबा, सुएयोसी (२०४८), *राई भाषाहरूका रूपरेखा,* मानव शास्त्र सङ्काय नेपाली भाषा शिक्षा केन्द्रीय विभाग कीर्तिपुरमा प्रस्तुत शोधपत्र ।

थापा, भानुकुमारी (२०६५), *दैलेखमा बोलिने मगर ढुट भाषाको अध्ययन,* त्रि. वि. शिक्षा शास्त्र सङ्काय नेपाली भाषा शिक्षा केन्द्रीय विभाग कीर्तिपुरमा प्रस्तुत शोधपत्र ।

धामी, कुमारी पार्वती (२०६८), *दार्चलेली भाषिका र नेपाली भाषाका व्याकरणात्मक कोटिहरूको व्यतिरेकी अध्ययन,* त्रि. वि. शिक्षा शास्त्र सङ्काय नेपाली भाषा शिक्षा केन्द्रीय विभाग कीर्तिपुरमा प्रस्तुत शोधपत्र ।

पन्थी, रामप्रसाद (२०६४), *गुल्मेली भाषिका र स्तरीय नेपाली भाषा बिचको तुलनात्मक अध्ययन,* त्रि. वि. शिक्षा शास्त्र सङ्काय नेपाली भाषा शिक्षा केन्द्रीय विभाग कीर्तिपुरमा प्रस्तुत शोधपत्र ।

पाण्डे, शिवराज (२०६८), *बाजुरा जिल्लाको कुण्डदरामा बोलिने भाषिक भेद र नेपाली भाषाको व्याकरणात्मक कोटिको तुलनात्मक अध्ययन,* त्रि. वि. शिक्षा शास्त्र सङ्काय नेपाली  भाषा शिक्षा केन्द्रीय विभाग कीर्तिपुरमा प्रस्तुत शोधपत्र ।

पुन मगर, विपल (२०६९), *मगर खाम भाषा र नेपाली भाषाका व्याकरणात्मक कोटिहरूको आधारमा व्यतिरेकी अध्ययन,* त्रि. वि. शिक्षा शास्त्र सङ्काय नेपाली भाषा शिक्षा केन्द्रीय विभाग कीर्तिपुरमा प्रस्तुत शोधपत्र ।

पौडेल, लक्ष्मी (२०६९), *मगर भाषा र नेपाली भाषाको व्याकरणात्मक कोटिको व्यतिरेकी अध्ययन,* त्रि. वि. शिक्षा शास्त्र सङ्काय नेपाली भाषा शिक्षा केन्द्रीय विभाग कीर्तिपुरमा प्रस्तुत शोधपत्र ।

बोखिम, उषा (२०६९), *ताप्लेजुङ जिल्लामा बोलिने लिम्बू भाषा र नेपाली भाषाको व्याकरणात्मक कोटिका व्यतिरेकी अध्ययन,* त्रि. वि. शिक्षा शास्त्र सङ्काय नेपाली भाषा शिक्षा केन्द्रीय विभाग कीर्तिपुरमा प्रस्तुत शोधपत्र ।

बुढा, रामचन्द्र (२०६८), *सिँजाली भाषिका र स्तरीय नेपाली भाषाको व्याकरणात्मक कोटिको तुलनात्मक अध्ययन,* त्रि. वि. शिक्षा शास्त्र सङ्काय नेपाली भाषा शिक्षा केन्द्रीय विभाग कीर्तिपुरमा प्रस्तुत शोधपत्र ।

राई, प्रकाश (२०१२ इ.), *प्लुरलाइजेसन इन इङ्लिस एन्ड लोहोरुङ;* त्रि. वि. शिक्षा शास्त्र सङ्काय अङ्ग्रेजी केन्द्रीय विभाग कीर्तिपुरमा प्रस्तुत शोधपत्र ।

रोकाया, गोरखबहादुर (२०६७), *बझाङी भाषा र नेपाली भाषाको व्याकरणिक कोटिको तुलनात्मक अध्ययन,* त्रि. वि. शिक्षा शास्त्र सङ्काय नेपाली भाषा शिक्षा केन्द्रीय विभाग कीर्तिपुरमा प्रस्तुत शोधपत्र ।

लिम्बू, चित्रकुमार (२०७२), *लिम्बू भाषा र नेपाली भाषाको व्याकरणको तुलनात्मक अध्ययन,* त्रि. वि. शिक्षा शास्त्र सङ्काय नेपाली भाषा शिक्षा केन्द्रीय विभाग कीर्तिपुरमा प्रस्तुत शोधपत्र ।

शाह, भरत (२०६७), *कैलाली जिल्लामा बोलिने थारु भाषा र नेपाली भाषाको व्याकरणात्मक कोटिका आधारमा व्यतिरेकी अध्ययन,* त्रि. वि. शिक्षा शाश्त्र सङ्काय नेपाली भाषा शिक्षा केन्द्रीय विभाग कीर्तिपुरमा प्रस्तुत शोधपत्र ।

सापकोटा, ज्ञानु (२०६७), *नेपाली भाषा र मैथिली भाषाको व्याकरणात्मक कोटिका आधारमा तुलनात्मक अध्ययन,* त्रि. वि. शिक्षा शास्त्र सङ्काय नेपाली भाषा शिक्षा केन्द्रीय विभाग कीर्तिपुरमा प्रस्तुत शोधपत्र ।

विकिपिडिया  द फ्रि इन्साइक्लोपेडिया